*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोनः ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोनः ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com
**ज्ञानेन्द्र महर्जन**
फोनः ४२७५३७७, ९८४१३६६५१४
**ध्रुवरत्न स्थापित**
फोनः ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोनः ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोनः ४२५९४६६

बुद्ध सम्बत् २५५८
नेपाल सम्बत् ११३५
इस्वी सम्बत् २०१५
बिक्रम सम्बत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**3rd FEBRUARY 2015**

| वर्ष- ३२ | अङ्क- १० | सि पुन्हि | माघ २०७१ |
|---|---|---|---|




**दण्ड भोगन नपर्ने निदोर्षी व्यक्तिलाई दण्ड दिने र दोष रहित व्यक्तिलाई जसले दोष लगाउँदै हिंड्छ, उक्त व्यक्तिलाई तल उल्लेखित १० प्रकारका दुःख नभई छोड्दैन ।**

१) टाउको दुख्ने आदि असह्य रोगले सताउने छ ।
२) आफूसंग भएको सम्पत्ति विनाश हुँदै जानेछ ।
३) अंग भंग हुनेछ ।
४) ठूल-ठूला भयानक रोग लाग्नेछ ।
५) बहुलाउने छ ।
६) राज दण्ड जस्तो ठूलठूला भयहरू आउने छ ।
७) नचाहिने आरोप एवं झूठा लान्छनाहरू लागी ठूलठूला निन्दाहरू खेप्न पर्ने हुन्छ ।
८) आफ्ना नाता कुतुम्बहरू बिनाश भएर जानेछन् ।
९) आफूसंग भएका भोगादी सम्पत्तिहरू विनाश भएर जानेछन् ।
१०) घर आगलागी भई मरण पछि नर्कवास हुनेछ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# सफल विद्वानमा हुनपर्ने गुणहरू

बुद्ध शिक्षा अनुसार सफल विद्वान बन्नको लागि धेरै असल गुणहरूले सुसम्पन्न हुन जरूरी छ। भगवान् बुद्धले मंगल सूत्रमा देशना गर्नु भए अनुसार एक विद्वान् व्यक्तिमा बहुश्रुत बन्नुको साथै शील्प शास्त्रको ज्ञान, कोमलपना एवं नरमपना, राम्रो बोलिवचन, घमण्डीपना रहित शिक्षित वानी व्यवहार, जस्ता थुप्रै असल गुणहरू समावेश भएको हुनुपर्दछ।

शील्प शास्त्रले पारंगत हुने गुण त हाम्रो भौतिक जगतको लागि मंगल कार्य हुने नै भयो। जसले गर्दा आय आर्जन देखि लिएर विभिन्न समस्या समाधान गर्न सक्ने मात्र होइन यसले खतरा मुक्त जीवन जीउन समेत मद्दत पुगिरहेको हुन्छ। यही दृष्टिकोणले भगवान बुद्धले मंगल सूत्रमा "**शिप्पञ्च एतं मंगल मुत्तमं**" भन्नु भएको देखिन्छ।

यही सन्दर्भमा यहाँ एक घटना उल्लेख गर्न सान्दर्भिक देखिन्छ।

डबल एम.ए. गरेका एक व्यक्ति एकदिन डुंगामा बसी नदी पार गर्दै थियो। डबल एम.ए को घमण्डीपना नजानिंदो पाराले चढ्दै थियो उसको मनमा। त्यसैले एकाएक उसको मनमा डुंगा चलाउने माझीले कतिसम्म पढेलेलेखेको रहेछ भन्ने बुझ्ने मनसाय भएछ र माझीसंग सोध्न पुगेछ– "ए माझी ! कति सम्म पढलेख गरेका छौ हँ तिमीले ?"

माझी– "खै ! यो गरीब माझीले के पढ्न सक्नु ? एक अक्षर पनि पढ्न आउँदैन मलाई त।

पण्डित– "धत्तेरिका ! वेकारको रहेछ तिम्रो जीवन त ! हीलो माटो सरह !"

एकछिन पछि माझीले पनि विद्वान पण्डितसंग यसरी प्रश्न गर्न थाल्यो–

"पण्डित ज्यू ! तपाईंलाई पौडिन आउँछ ?"

पण्डित–

"अहँ मलाई पौडिन आउँदैन। किन ?"

माझी– "त्यसो भए पण्डितज्यूले त्यत्रो वर्ष पढे लेखेर विताएको मेहनतपूर्ण अमूल्य जीवन सखाप हुने भयो नि । धत्तेरिका ! के गर्ने होला ? आँधीबेरी चल्न लागेको छ। यो आँधीले त डुंगा पल्टाउने छ एकै छिनमा। मैले त पढ्न नजाने पनि पौडी खेली आफ्नो प्राण बचाउने छु। तर.... तपाइँले पढ्न जाने पनि पौडिने कला भने सिकेको रहेनछ। त्यसैले तपाइँको विद्वता त हिलो माटोमा मिल्ने भयो।"

यसरी नै सफल विद्वान व्यक्तिहरूमा घमण्डीपना रहित कोमल स्वभाव हुनु अत्यावश्यक छ। घमण्डी स्वभावले हाम्रो जीवन पतन हुनेछ। यस्ता विद्वानहरूलाई मानिसहरूले विश्वास गर्न छोड्नेछन्। नरम स्वभाव भएको व्यक्ति जोसंग, जहाँ पनि घुलमिल भई मेलमिलाप गरी रहन सक्दछन्। त्यसैले उनीहरूलाई सबैले मन पराउने हुन्छ। उनीहरू धेरैजसो मानिसहरूको प्रिय व्यक्तिको रूपमा रहन सक्षम हुन्छन्।

विद्वान बने जस्तै मानिसहरू शिक्षित पनि हुन सक्नु पर्दछ। अशिक्षित पण्डितलाई हिसी नपरेको काम नलाग्ने व्यक्तिको रूपमा लिनेछ समाजले जसले गर्दा उसको विद्वताको मूल्य गुम्ने छ।

त्यसैले बुद्धकालिन समयका प्रसिद्ध उपासिका विशाखालाई विवाह गराई उनको पतिको घर पठाउनु अगाडि उनको बुबाले विशाखालाई १० वटा शिक्षाहरू सिकाएको थियो। एक शिक्षित नारीले आफ्नो गृहस्थ जीवन सुधार्नको लागि पालन गर्नुपर्ने कर्तव्यको रूपमा रहेको शिक्षा यसरी रहेको छ–

१) आफ्नो पतिदेवको घरायसी कुराहरूलाई लिएर आफ्नो माइती वा अन्य स्थानहरूमा भन्दै नहिँड्नु।
२) आफ्नो माइतीको घरायसी कुराहरू पतिदेवको घर मा गई भन्दै नहिँड्नु यस नियम पालन नगर्ने चञ्चलतापूर्ण अशिक्षित बानी व्यवहारले दुबै घरको शान्तिपूर्ण वातावरणलाई जलाएर खरानी पारिदिनेछ। यस विषयमा एक शिक्षित नारी ज्यादै होशियार र चनाखो रहनु राम्रो हुनेछ।
३) इमान्दार एवं विश्वासिलो व्यक्तिसंग मात्र कारोवार गर्नु।
४) विश्वासघाती एवं वेइमानी व्यक्तिसंग कारोवार नगर्नु।
५) दुःखी गरीब व्यक्तिलाई आफूले सक्दो दान दिई



Downloaded from http://www.dhamma.digital

सहयोग गर्नु ।

६) बस्नु अगाडी आफूभन्दा जेष्ठ व्यक्ति (आफूले आदर गर्नुपर्ने व्यक्ति) आफु बस्न लागेको आशन भन्दा तल नपर्ने गरी होश पुऱ्याएर मात्र बस्ने ।

७) आफ्नो परिवारका सबै सदस्यहरूलाई हेरविचार पुऱ्याई खाना खुवाइ सकेपछि मात्र आफूले खाना खाने । कर्त्तव्य परायण शिक्षित नारीको कर्त्तव्य हो यो ।

८) परिवारका सदस्यहरू सबैं सुतिसकेपछि घरको झ्याल ढोका थुन्ने लगायत घरको अन्य सुरक्षा कार्यहरू सबै सम्पन्न गरिसकेपछि मात्र निर्धक्क भई सुत्ने ।

९) सासु, ससुरा र आफ्ना श्रीमान्लाई आदरपूर्वक सेवा गर्ने ।

१०) श्रमण, आगन्तुक र गुरूहरूलाई देवता सरहको व्यवहार गरी सेवा गर्ने ।

माथि उल्लेखित गुणहरू जुन महिलामा हुन्छ उसको जीवन धन्य हुनेछ। यसको राम्रो फल उनी आफैले पाउने छिन्। यसले उनको परिवार नै भाग्यमानी हुनेछ।

सफल विद्वानमा हुनुपर्ने अत्यावश्यक गुणहरू मध्ये अर्को एक गुण हो, असल बोलीवचन ।

यसको लागि उक्त व्यक्तिले तल उल्लेखित दायरा भित्र रही आफ्नो बोलिवचन प्रयोग गर्नु अत्यावश्यक हुनेछ ।

– अरूलाई सुन्न मन लाग्ने प्रिय वचन बोल्ने गर्नुपर्दछ। अर्थात् आफ्नो श्वार्थ पूर्तिको लागि अरूलाई कडा वचन प्रयोग गर्न हुन्न ।
– अरूलाई हीतोपकार हुने कुरा मात्र गर्ने । मिलेर बसेका व्यक्तिहरूलाई चुकली गर्दै उनीहरू बिच फाटो ल्याउने कुकर्म कदापि नगर्ने ।
– सत्यवचन बोल्ने, जुन बचनले आफ्नो र अरूको हीतोपकार होस्। तर जुन वचनले आफ्नो र अरूको हानी हुनेछ त्यो वचन सत्य नै भए पनि नबोल्ने ।
– काम नलाग्ने वकवास गर्दै नहिँड्ने ।

भगवान बुद्धले यसरी ठीक तरिकाले सफल पण्डित बन्ने विभिन्न शिक्षाहरू बताउनु भएको छ । त्यस शिक्षालाई पालन गर्न सक्ने व्यक्तिले मात्र आफ्नो जीवन सुधारी भाग्यमानी बन्नेछ ।

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) गौरीशङ्कर मानन्धर, बनेपा – रू. १५००/–
२) साहित्यरत्न तुलाधर, कमलादी, काठमाडौं – रू. १५००/–
३) भिक्षु शोभित महास्थविर, गणमहाविहार – रू. ५००/–
४) केशचन्द्र शाक्य, बनेपा-१० – रू. ५००/–
५) बुद्ध भक्त रंजित, बनेपा – रू. ५००/–
६) प्रेमज्योती शाक्य, बनेपा-१० – रू. ३००/–

❀ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :**

१) दियेश रत्न शाक्य, लक्ष्मी शाक्य, त्रिभुवन चोक, बनेपा, ज्ञानरत्न शाक्य, मङ्गलतारा शाक्यको पुण्यस्मृतिमा रु. १५,१००/–

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७१ पौष–माघ | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| पौष १४ गते, सोमवार, अष्टमी | अमता | वीर्यवती |
| पौष २१ गते, सोमवार, पूर्णिमा | सुवण्णवती | धम्मवती |
| पौष २९ गते, मंगलवार, अष्टमी | क्षान्तिवती | दानवती |
| माघ १ गते, विहिवार, संक्रान्ति | सुवण्णवती | पञ्ञावती |
| माघ ६ गते, मंगलवार, औंशी | अमता | चमेली |

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ तक्षशिलाको राजा **पुक्कुसाति**लाई बिम्बिसारले उपहारमा त्रिरत्नको सन्देश पठाएको थियो ।
★ राजा पुक्कुसाति बुद्धको ख्याति सुनेर आफ्नो राज्य त्याग गरी राजगृहमा आई बुद्ध कहाँ भिक्षु बन्न आएका थिए ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२८४

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**निधाय दण्डं भूतेसु – तसेसु थावरेसु च**
**यो न हन्ति न घातेति – तमहं ब्रुमि ब्राह्मणं**

*अर्थ*– चर, अचर, सबै प्राणीको हिंसा गर्नबाट विरक्त भएका, कसैलाई घात (हिंसा) नगर्ने, अरु कसैलाई घात गर्न प्रेरणा पनि नदिने, त्यस्ता व्यक्तिलाई म ब्राह्मण भन्दछु ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको बेला कुनै एक भिक्षुको कारणमा भन्नु भएको थियो ।

बुद्धको समयमा एउटा भिक्षु बुद्धसँग कर्मस्थान भावना सिकी ध्यान अभ्यास गर्न जंगलमा गए। जंगलमा समाधि भावनामा वीर्य बढाई मेहनत गर्दै अरहत भए । त्यसपछि आफूलाई प्राप्त भएको गुणधर्म तथागतसँग बिन्ति गर्न जान्छु भनी त्यहाँबाट निस्के ।

त्यो बेला एउटा गाउँकी एउटी आइमाइ आफ्नो लोग्नेसँग झगडा भएकोले लोग्ने घरमा नहुञ्जेल माइती जान्छु भनेर घरबाट निस्केकी रहिछ। त्यो आइमाइ पनि हिंड्दै जाँदा त्यो अरहत स्थविर हिंडीराखेको बाटो मै पर्न आयो । बाटोमा एक्लै हिंड्न डराएकोले उनी स्थविरले नदेख्ने गरी पछि पछि लाग्दै गइन् ।

लोग्नेचाहिँ घरमा आउँदा स्वास्नीलाई नदेखेपछि माइतीतिर गइन् होली भनेर त्यही बाटो गएछ । बाटोमा उसले स्थविरको पछि पछि आफ्नी स्वास्नी हिंडीरहेको देखेर मनमा शंका लियो पक्कै पनि यसलाई भिक्षुले फकाएर ल्याएको हुनुपर्छ। भेटेपछि त्यो मान्छेले स्थविरलाई बेस्करी गाली गऱ्यो। स्वास्नी चाहिँले भन्यो– "उहाँ स्थविरले म पछि पछि आइरहेको देख्नु भएको छैन। उहाँ लाई दोष नदिनुस् ।"

लोग्नेचाहिँले जवाफ दियो– "यो भिक्षुले नल्याएको भए मसँग नसोधीकन तिमी आफै आयौ त ।" 'यो आइमाइलाई भन्दा त यही भिक्षुलाई सास्ति गर्छु' भनी मनमा सोची त्यो दुष्ट मान्छेले, स्वास्नीसँग भएको रीसको जोशमा भिक्षुलाई बेस्करी पित्यो। त्यसपछि आफ्नी स्वास्नीलाई लिएर घरतिर फर्क्यो ।

बेस्करी चुतीदिएको कारणले भिक्षुको शरीरमा फोका फोका सुनिएर आयो । स्थविर विहारमा पुगेपछि अरू भिक्षुहरूले सोध्यो– "त्यो के भएको तपाईंलाई ? भिक्षुले बाटोमा भएको घटना जम्मै वृतान्त सुनाए ।

भिक्षुहरूले सोध्यो– "त्यो मान्छेले तपाइँ निर्दोष माथि त्यस्तो घात गर्दा पनि तपाइँ चुप लागेर बस्नु भयो के ? तपाइँलाई रीस उठेन् ?"

भिक्षुले– "म रिसाइन" भनेर जवाफ दिए। अरू भिक्षुहरूले त्यसको कुरा नपत्याएर यही कुरा लिएर भगवान बुद्धकहाँ भन्न गए। "भो शास्ता यो भिक्षुले झूठो कुरा भनीरहेछ । त्यो मान्छेले त्यस्तो विधि पित्दा पनि अलिकति रिसाइन पो भन्छ ।"

उनीहरूको कुरा सुनेपछि तथागतले भन्नुभयो– "हे भिक्षुहरू ! क्षीणाश्रव भएकाले अरूलाई दण्ड दिनुबाट अलग्ग भइसकेको हुन्छ । उनीहरूलाई पिते पनि, मारे पनि कसैसँग क्रोध गर्दैन ।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖

## मृत्यु नित्य जीवन अनित्य

✍ हेरारत्न शाक्य
(युवक बौद्ध मण्डल)

काल वैगु ला स्यू छन्हु सकसिनं
गुबले वइ व धाःसा मस्यू अप्पोसिनं
गनथाय् गुकथं वई व न मस्यू सुनानं
म्वाय् हे मगाःनि आसेनी धायमदु सुनानं

छुँ हे लक्षण नं मक्यनेयो व कालं
छुँ हे ल्वय्, दुर्घटना मज्वीक नं यंकाबी कालं
मचा, ल्यायम्ह, ल्यासे, बाज्यो, ज्याथ मधाःवं
मिति त्यलकि सुइतं तईमखु म्वाका वं

उकिं होशति भ्रीपिं नित्य म्वाय् मदु सुंनं
ईलय् काल बिल फछ्या याः, ल्यंका तयमते छुँ नं
आपा इच्छा, आकांक्षा लहिना तय्मते मने दुने नं
उघ्रिमय् पलाः न्ह्याकि यानाछ्वः, याय्धैगु नं

यक्व माया ममताय् प्यपुना च्वंसां बायमाः योम्हनाप
ख्वयाः हालाः भक्ति यासां म्वाके मफु सीम्ह
मृत्यु नित्य जीवन अनित्य ध्रुवां धु लुमंके माः
अले जक म्वात्तले नं सुख सी मखुसा दुःखं काय्का
च्वनेमाः ।



Downloaded from http://www.dhamma.digital

# सया थेतजी

✍ **कल्याण मित्र सत्यनारायण गोयन्का**

सया थेतजीको जन्म सन् १८७३ को जुन २७ तारिखमा वर्माको एउटा कृषक परिवार प्याउवेजीमा भएको थियो। प्याउवेजी रंगून शहरबाट आठ माईल दक्षिण रंगून नदीको पारी पर्दछ। उनको वाल्यावस्थाको नाम माऊँग पो थेत् हो। उनका दुई भाइ र एक जना बहिनी थिए। माउँग पो १० वर्षको हुँदा उनको बुबाको मृत्युभएको हुँदा चारजना बच्चाहरूलाई स्याहार्ने काम आमा एक्लैको जिम्मामा हुनगयो।

सयाजीको आमा पकौडा आदि बेचेर आफ्ना छोरा-छोरीको पालन पोषण गर्दथिइन्। आमाले बेच्न नसके को बाँकी खाना सानो छोरो माऊँग पोलाई बेच्न पठाइन्थ्यो तर माऊँग पो भने कहिल्यै एउटा पनि बेचेर आउँदैनथ्यो, किनभने उनलाई सामान बेच्नको लागि ठू-ठूलो श्वरमा बजारमा कराउन लाज लाग्थ्यो। त्यसैले उनको आमाले दुई जना बच्चाहरूलाई संगै पठाए। दाजुलाई टाउकोमा सामान बोकायो र सानी बहिनी सामान बेच्नको लागि कराउँथ्यो।

बाबु नभएको परिवारमा घरको रेखदेख गर्ने जिम्मा ठूलो छोरोको थियो, अतः उनले थोरै समयसम्म मात्र स्कूलमा पढ्न पाए। उनको परिवारको जग्गा आदि केहि पनि थिएन, अरूहरूको खेतमा धान काटिसकेपछि बाँकी रहेको पराल जम्मा गरेर गुजारा गर्ने गर्दथ्यो। एक समय यस्तै पराल जम्मा गर्न ल्याएको बेलामा माऊँग पोले नजिकै को पोखरीमा विना पानीले माछो छट्पटिरहेको देखे। माछो लाई आफ्नो गाऊँको पोखरीमा छोड्ने मनसायले उनले माछो लिएर आए। जब घरमा उनको आमाले माछो देखे, रिसाएर उनलाई पिट्न तम्से। तर जब उनले माछो ल्याउनुको कारण सम्झाए आफ्नो छोरोको भावना देखेर आमा छक्क परिन् र भन्न थालिन साधु! साधु! उनी एकदमै स्वच्छ हृदयकी उदार नारी थिइन्। उनले कहिल्यै अकुशल कार्य गरेकी थिइन। माऊँग पो १४ वर्षको हुँदा उनले गाडा हाँक्ने काम गर्न थाले। उनी अरूको खेतबाट धान ओसार्ने गर्दथ्यो। दिनभरीको कमाई आफ्नो आमालाई बुझाउँदथ्यो र त्यसै पैसाबाट घरको गुजारा हुन्थ्यो। उमेर अनुसार निक्कै सानो कड थियो, गाडा चलाउनको लागि पनि एउटा बाकसमा चढनु पर्दथ्यो।

प्याउवेजी गाँऊ रंगून नदीको छेउमा भएकोले त्यहाँ बरोबर बाढी आउने गर्दथ्यो, यस्तो समयमा बाली ओसार्न समस्या पर्दथ्यो। बाली ओसार्न डुङ्गा चलाउनु पर्दथ्यो। माउँग पो यस्तो समयमा डुङ्गा चलाउँदथ्यो। यति सानो केटाले यस्तो मेहनत साथ काम गरेको देखेर त्यहाँको एक जना मील मालिकको उनी प्रति स्नेह जाग्यो। उनले आफ्नो मीलमा काम गराउनको लागि राखे। उनले महिनाको ६ रूपैंया तलब दिइयो, माऊँग पो त्यही साधारण खाना खाएर त्यहीं बस्ने गर्दथ्यो।

उनले सबभन्दा पहिलो पल्ट भारतीय संग चामल किने। मीलमा पोखेको चामल बढारेर बंगूर र चल्लालाई खुवाउन लिए हुन्थ्यो तर माऊँग पो आफ्नो मील मालिकलाई थाहा नदिईकन केही पनि गर्न चाहँदैनथ्यो। यो कुरा थाहा पाएर मील मालिकले उनलाई यो काम गर्न अनुमति दिइयो। यसरी सोरिएको चामल उनी आफूले खाने गर्दथ्यो। तर यो दिन पनि फेरियो। उनको मेहनत पूर्ण कार्य देखेर डुङ्गा मालिक र मील मालिक दुवैले खानको लागि राम्रो चामल दिए। यद्यपि उनले मीलमा बढार्नेकाम भने छोडेनन्। त्यहाँबाट प्राप्त चामल किन्न नसकिने अन्य गाँऊ वासीहरूलाई वितरण गर्दै रहे।

एक वर्ष पछि उनको तलबमा बृद्धि भयो तलब १० रूपैंया पुग्यो, दुई वर्षमा १५ रूपैंया। मील मालिकले फेरि राम्रो चामल खान छुट्टै पैसा दिइयो र १०० बोरा धान सित्तैमा कुट्न पाइने भयो। पछि उनको तलब २५ रूपैंया पुग्यो, जुन उनको परिवारलाई धान्न प्रशस्त पुग्यो।

माऊँग पोले मा माइन (Hmyin) नामकी केटीसंग १६ वर्षको उमेरमा विवाह गरे। उनी एकजना ग्राहक थिइन्। उनी धनी खानदानकी तीन दिदीवहिनी मध्ये कान्छी थिइन्। माउँग पो का एक छोरा र एक छोरी भए। वर्मी परम्परा अनुसार माऊँग पो उनको स्वास्नी, आमाबुबा र शाली दिदीहरूसंग बस्न थाले माउँग पो को बहिनीले छुट्टै कारोबार गरिन्।

मा माइन की ठूली दिदी मा खिन (Ma Khin) ले को क्ये (Ko kaye) संग विवाह गरे, उनीहरूका एकजना छोरो भए, उनको नाम माऊँग न्यूण्ट (Maunh Nyunt) थियो। को क्येले धान वाली र त्यसको व्यवसाय सम्हाले। माऊँग पो भने धान किन्ने र बेच्ने काम गर्न थाले, पछि उनी ऊ पो थेत् कहलिन थाले।

घरको जिम्मेवारी भएको कारणले उ पो थेत्ले वाल्यवस्थामा भिक्षु जीवन व्यतीत गर्न पाएको थिएन। उनको साली दिदीको छोरो माउँग न्यून्ट १२ वर्षको उमेरमा नै भिक्षु बने। त्यसपछि थेत पनि केही समयको लागि भिक्षु बने।



Downloaded from http://www.dhamma.digital

माऊँग पो थेत्ले २३ वर्षको उमेरमा एक जना गृहस्थ आचार्य सया न्यून्ट संग आनापान साधना सिकेका थिए । उनले सात वर्षसम्म यसैको मात्र अभ्यास गरिरहे ।

ऊ थेत् तथा उनकी श्रीमतीको धेरै साथीभाई तथा नाताकुटुम्बहरू थिए । सबैसंग मेलमिलाप थियो । उनीहरूलाई सबैले मनपराउँदथ्यो, दुबैको हाँसी खुसीको सुखी जीवन थियो ।

परन्तु सन् १९०३ मा भएको हैजाको महामारीले त्यस परिवारको सुख छिनेर लग्यो । महामारीको कारण केही दिनमा नै गाउँमा अधिक मानिसहरू मरे । उ थेत्को सानो छोरो वयस्क छोरीको पनि मृत्यु भयो । उनको सालो, दिदी तथा बच्चाको पनि मृत्यु भयो ।

यस महामारीले उ थेत्लाई अधिक चोट पुऱ्यायो । पुत्र पुत्रीको वियोगान्तमा उनी छट्पटीन थाल्यो, यताउता भौंतारीन थाले, यस दुःखबाट छुट्कारा पाउन मार्ग को खोजी गर्न थाले । यस दुःखबाट मुक्ती पाउने मार्ग खोज्न गाँऊ छोडेर जाने निर्णय गरे । र आफ्नो परिवार र गाँऊवासी संग विदा लिएर हिंडे ।

ऊ थेत् वर्माको गाउँ-गाउँ घुम्न थाले, जंगलका विहार, पहाडका टुप्पोमा अवस्थित रहेका विहारमा पुगे । ठूला-ठूला सन्यासी तथा गृहस्थ आचार्यहरू कहाँ पुगे । तर मार्ग भेट्टाएन । अन्तमा उनको पहिलाको गृहस्थ गुरू सया न्यून्टंको सल्लाह अनुसार उत्तर वर्माको मोनीवा (Monywa) मा बस्नु भएका भिक्षु लेडी सयादो कहाँ गए । उनको साथमा एकजना साथी उ न्यो (U Nyo) पनि थिए ।

उ थेत्को अनुपस्थितीमा घरको सारा जिम्मेवारी उनकी श्रीमती र सालीले सम्हालीरहेकी थिइन् । उ थेत् पहिलाका केही वर्षमा वारवार घरको हालखवर सोध्न आउँदथ्यो, तर घरको अवस्था ठिकठाक देखेपछि भने धेरै समय साधना गर्नमा त्यहीं विताउन थाल्यो । सात वर्षसम्म त्यही मोनीवामा नै बसे, उनको खर्च भने श्रीमती तथा सालीले समय समयमा पठाउने गर्दथ्यो ।

सात वर्षको अभ्यास पछि उ थेत् – उ न्योको साथमा आफ्नो गाऊँ फर्के, तर पुरानो गृहस्थ जीवनमा फर्केन । लेडी सयादोले विदाईको समयमा समाधि र प्रज्ञाको राम्ररी अभ्यास गर्नु भनेर भन्नु भएको थियो । अतः उनले अधिक समय साधनामा नै बिताउने निर्णय गरे । प्याउ-वेजीमा उनको खेतसंगै एउटा शाला (बिश्राम गृह) थियो, उनीहरू दुवै जना त्यहीं गएर बसे । शालालाई धम्महलको रूपमा प्रयोग गरे । त्यहीं दुवैजना ध्यान गर्न थाले । खाना बनाउनको लागि एकजना आइमाईको व्यवस्था गरे ।

उ थेत्ले यसरी नै एक वर्ष विताए, साधनामा अत्यधिक प्रगति गरे । केही समय पछि गुरूजीको निर्देशन जरूरी महसुस भयो तर लेडी सयादोसंग सिधा सम्पर्क गर्नु पनि त्यति सजिलो थिएन । परन्तु उहाँको निर्देशिका भने उ थेत्को को घरमा थियो किताब लिनको लागि उनी आफ्नो घरमा गए । उ थेत् घरदेखि यसरी टाढा रहेकोले उनको श्रीमती र साली रिसाइरहेकी थिइन् । श्रीमतीले त पारपाचुके दिने निर्णय गरेकी थिइन् । घरमा आए पनि मान सम्मान नगर्ने उनीहरूको निर्णय थियो । तर उ पो थेत् घरको ढोकामा पुग्दा दुबै त्यसै बस्न सकेन, दुवैले स्वागत गरेर घर भित्राए, केही बेर कुराकानी गरे । उ थेत्ले पनि माफी मागे, उनीहरूले माफी दिए ।

चिया पानी भैसकेपछि उ थेत्ले आफू किताब लिन केही क्षणको लागि मात्र आएको कुरा बताए । उनको श्रीमतीलाई सम्झाउँदै भने अहिले उनी आठशील (अष्टशील) पालना गरी बसीरहेको कारणले पहिलाको जस्तो गृहस्थ जीवन यापन गर्न असम्भव छ अतः आज देखि हामी दुई दाजु बहिनी जस्तै हो ।" दुवै दिदी बहिनीले उ पो थेत्को कुरा सहर्ष स्वीकार गरीन् र दिनहुँको भोजन घरमा आएर खान आउनको लागि भने अनुरोध गरे । उ थेत्ले पनि स्वीकार गरे, भोजनको वदलामा उनीहरूलाई धर्म सिकाउने विचार व्यक्त गरे । भोजन गर्न जाँदा दिनहुं कोही न कोही उनलाई भेट्न आउँदथ्यो, धर्म सम्बन्धी छलफल हुन्थ्यो । तर यसरी दिनहुँ घरमा आएर भोजन गर्न आउँदा आउन जानको लागि बाटोमा नै धेरै समय बित्दथ्यो, उनले आफ्नो मनको कुरा व्यक्त गरे । मा माइन र मा यिनले शालामा नै खाना पुऱ्याउने व्यवस्था गर्ने भए । *क्रमशः*

*(साभार- 'विपश्यना' बुद्ध वर्ष २५४१, वर्ष१४, अङ्क९)*

**धर्मप्रचार समाचार**

## मैत्री बोधिसत्व विहार जमलमा बुद्धपूजा

*२०७१ माघ १३ गते, मंगलवार, अष्टमी*

यसदिन मैत्री बोधिसत्त्व महाविहार जमलमा वीर्यवती गुरुमांले बुद्धपूजा कार्यक्रम संचालन गरी धर्मदेशना गर्नुभएको थियो ।

धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा उपासक भोजमान पति वज्राचार्य, गंगामान पति वज्राचार्य, ज्ञानमान पति वज्राचार्य, कमलमान वज्राचार्य र पूर्णरत्न वज्राचार्यको पुण्य स्मृतिमा दिवंगत भोजमान पति वज्राचार्यको सुपुत्रहरू सहित सपरिवारले जलपानको व्यवस्था मिलाउनु भई पुण्य सञ्चय गर्नु भएका थिए ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–११

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

अब यस सच्चाइको नैतिक तहमा आऔं। आफ्नो नैतिक संयमले हामी आफैलाई असंयमीत भावनाको बहावमा बग्नबाट तथा स्वार्थपूर्ण लालसाबाट बचाउनका साथै अन्य व्यक्ति र समाजलाई समेत सुरक्षा प्रदान गरेको हुन्छ। यदि हामीले आफ्नो मनमा अकुशलताका तीन मूल जराहरू लोभ, द्वेष र मोहलाई हुर्कन दियौं भने जंगली लता जस्तै ती जराबाट हुर्किएका खराबहरूले हामीभित्र हुनसक्ने स्वस्थ्य र श्रेष्ठतम उन्नतिलाई हुर्कनै नदिई मारी दिन्छ। तर यदि हामीले खराबका ती तीन जराबाट आफूलाई अलग्ग राख्न सक्यौं भने हामी वरिपरिका अन्य मानिसहरू समेत हामीबाट हुनसक्ने शक्ति र अधिकारको लागि गरिने धृष्टताबाट, असंयमित लोभ र काम सुखको लालसाबाट, इर्ष्या र डाहबाट बच्न सकिन्छन्। तिनीहरू हानीकारक तथा ध्वंसात्मक परिस्थितिबाट, हिंसा र आतंकबाट, हाम्रा घृणा र शत्रुताबाट, रीसको ज्वालामुखीबाट, वैरभाव र झगडालुपनको असह्य वातावरणबाट बच्न सकिने छ। तर हाम्रा ती लोभ र द्वेषका कारणबाट अन्य व्यक्ति र समाज प्रभावित मात्र हुने होइन, उनीहरू समेत त्यस्ता अकुशलहरू अझ शक्तिशाली भई जरा गाड्ने छ। लोभ र द्वेषमा यस्तो संक्रामक शक्ति छन्; जसले खराब प्रवृतिहरूलाई अरू बढावा दिन्छ। यदि हामी अरूकुरा छाडी खाली कमाउनु, जम्मा गर्नु, त्यसैमा हाँसी रहनुमामात्र सीमित रहेमा यसले अरूहरूलाई पनि यस्तै बन्न उत्प्रेरित गराइरहेको हुन्छ। हाम्रा दूषित व्यवहार नै पछि गएर आफ्नो वरिपरिको वातावरण जस्तै साथीभाई, इष्टमित्र, छोराछोरी आदिको लागि एक नमूना बन्न सक्छ। हाम्रा आफ्नै व्यवहारले अरूलाई पनि हाम्रो लालची इच्छामा संतुष्ट हुन प्रोत्साहित पार्न सक्छ अथवा त्यस्तो होडबाजीमा रहेका अरूहरूको मनमा पनि ईर्ष्या र प्रतिस्पर्धाको भावना जगाउन सक्छ। यदि हामी इन्द्रिय सुखमा डुबेका छौं भने यसले अरूहरूको मनमा पनि कामवासनाको अग्नि प्रज्वलित पार्न सक्छ। हाम्रा आफ्नै द्वेषले अरूलाई पनि द्वेषी र प्रतिहिंसाको लागि प्रेरित गर्न सक्छ। यो पनि संभव छ कि हामी अरूसंग मित्रता पनि गर्न सक्छौं अथवा द्वेष र शत्रुताको व्यवहारमा उक्साउन पनि सक्छौं।

## आफ्नो बचावट कसरी गर्ने ?

वास्तवमा आफ्नो रक्षक आफै हुन्, अरू रक्षक को हुन सक्छ ? आफैमा काबु पाउन सके अरू रक्षकको चिन्तै रहन्न (धम्मपद १६६)

बुद्धको अन्तिम समय थियो, उहाँका अनुयायीहरू उहाँको दर्शनार्थ चारैतिरबाट आइरहेका थिए। सबैजना उहाँको नजिक बसेर उहाँबाट छुट्टिनु पर्ने कुराले दुःखित थिए, तर अत्तदत्त नामक एक भिक्षु चाहिं आफ्नो कोठामा बसी ध्यान गरिहेको थियो। अरू भिक्षुहरूको मनमा त्यस भिक्षुलाई बुद्धको बारेमा केहि वास्ता नभएको जस्तो लाग्यो र बुद्धसँग गुनासो गर्न थाले। तर त्यस भिक्षुले बुद्धलाई भने– 'भगवान्! तपाईं चाँडै परिनिर्वाण हुन लाग्नु भएको छ र मेरो मनमा लाग्यो बुद्धको जीवनकालमै अर्हत पद प्राप्त गर्नु नै भगवानको सच्चा सम्मान हो।' उसको विचार व्यवहारबाट बुद्ध प्रसन्न हुनुभयो र भन्नुभयो– 'अरूहरूका लागि आफ्नो आध्यात्मिक उन्नतिलाई त्याग्नु हुँदैन।'

यस घटनामा बुद्धधर्मको एक अत्यन्त महत्वपूर्ण दृष्टिकोणको व्याख्या पाउँछौं। कुनै पनि व्यक्ति यस 'संसार बाट मुक्त हुन निरन्तर सजग भइरहनु पर्छ र उ आफैंले 'मोक्ष' प्राप्त गर्नु पर्दछ। 'निर्वाण' प्राप्तिको लागि वाह्य शक्ति वा माध्यमको आशा गरेर हुँदैन।

जो मानिसहरू बुद्धधर्म बुझ्दैनन् तिनीहरूले यस धारणाको आलोचना गर्दैछन् र भन्छन् कि बुद्धधर्म आफ्नै मात्र दुःख मुक्तिको कुरा गर्ने स्वार्थी धर्म हो। वास्तवमा यो बिल्कुलै असत्य हो। बुद्धले स्पष्ट रूपमा भन्नु भएको छ कि हरेकको भौतिक तथा आध्यात्मिक उन्नतिको लागि आफै निरन्तर प्रयत्नरत हुनु पर्दछ र साथै निर्वाण प्राप्तिको लक्षमा परिश्रम साथ निरन्तर लाग्नु पर्दछ। निस्वार्थ सेवालाई बुद्धले अत्यन्तै प्रशंसा गर्नु भएको छ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-९

मूल पालि अनुवादक - **भिक्षु अमृतानन्द**
नेपाली अनुवादिका - **शरणशीला**



(१३) सपना देखेको दृश्य– गऱ्हौं ठूलो ढुंगा पानीमा तैरिरहेको दृश्य ।



अर्थ– कलियुगमा धेरैजसो मानिसहरूले जीवनमा सारहीन तत्वहरूलाई सार र महत्वपूर्ण ठानिरहेका हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

(१३) "भन्ते ! एउटा कोठा जत्रो ढुंगा एउटा, डुंगा झैं पानीमा उत्रिराखयो । यसको फल भन्नुहोस्"

"महाराज ! यसको फल पनि त्यस्तै समयमा आउनेछ। यस समयमा अधर्मी राजाहरूले अकुलीनहरूलाई यश दिने छन् । यिनीहरू ऐश्वर्यशाली हुने छन् । कुलीन वर्गहरू दरिद्र हुनेछ, औ यिनीहरूप्रति कसैले गौरव राख्ने छैन । राजाको अगाडि अमात्यहरूको अगाडि तथा न्यायालयमा न्याय गर्ने खुबी राख्ने, ठूलो ढुंगा जस्तो समर्थ कुलपुत्रहरूको कुरालाई प्रमाण मानेर प्रतिष्ठित गर्ने छैनन् । यिनीहरूले केही बोले कि ती दुष्टहरूले "के भनिराखेका" होला ?!" भनी हिस्याउने मात्र छन् । भिक्षुहरूको सभामा पनि माथि बताइएका सबै ठाउँहरूमा, शिक्षाकामी शीलवान् भिक्षुहरूलाई गौरव, मान, आदर राख्ने छैनन् । न यिनीहरूको कुरालाई प्रमाण नै मान्ने छन्-मानौं, ठूलो ढुंगा पानीमा उत्रे झैं । यसको कारण तपाइँलाई केही हानि पुग्ने छैन । चौधौं सपनाको बारेमा भन्नुहोस् ।"

*क्रमशः*

## बुद्ध सम्बन्धी केही जानकारीहरू –

★ राजा बिम्बिसार बुद्धभन्दा ५ वर्ष कान्छो थियो । राजा बिम्बिसार १५ वर्षको छँदा राज्याभिषेक भएको थियो । उनी २४ वर्षको छँदा सिद्धार्थलाई पाण्डव पर्वतमा भेटेको थिए (तु० ३८) । ३१ वर्षको उमेरमा उनी बुद्धको शरणमा गएका थिए । त्यसपछि ३६ वर्षसम्म राज्य गरी उनको ६७ वर्षमा मृत्यु भयो । बिम्बिसार निधनको बेला बुद्ध ७२ वर्षका हुनुहुन्थे ।

★ बुद्धलाई भेट्न तक्षशिलाबाट राजगृह आउने राजा **पुक्कुसाति** भगवान् बुद्धसँग **धनीय** नाउँको कुह्मालेको झोपडीमा सँगै सुत्न पुगेका थिए । पुक्कुसातिले बुद्धलाई चिनेका थिएनन् । बुद्धले उपदेश दिएपछि मात्रै पुककुसातिले बुद्धलाई चिने । *(साभार- बौद्ध दर्पण)*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**

*जन्मः* बि.सं. २०१६ कार्तिक त्रयोदशी



*दिवंगतः* बि.सं. २०७१ पौष २३ गते

# दिवंगत विजय कुमार रञ्जित

**जिमि क्येहें मयजु मिला रञ्जितया जहान भाजु विजय कुमार रञ्जित आकाभाकां दिवंगत जुयादिल । दुःखं कयाच्वंगु थुगु घडी जि क्येहें सहित सपरिवारं "अधुवं मे जीवितं धुवं मे मरणं" अर्थात् म्वानाच्वनेगु अनित्य व छन्हु सिनावने मानिगु नित्य जुयाच्वंगु संसारया नियमयात थ्वीकाः धैर्य धारण याय् फयमा/मदुम्ह भाजुयात याकन हे सुगति व निर्वाणया हेतु चूलायमा धकाः आशिकायाना ।**

*तताः* **श्रद्धाचारी गुरुमां**
*क्येहेंः* **लिसा रञ्जित**

*जिचा भाजु / क्येहें :* **सूर्य – श्रीमीला सुवाल**, **अमूल्य – प्रकृती तुलाधर**

*कका / काकी :* **करूणानिधि – तारा रञ्जित**, **प्रज्ञानिधि – फूलमून रञ्जित**

*पाजु / मले :* **विश्वनाथ – सरस्वती रञ्जित**, **भाइराजा – उमा रञ्जित**

*चमाः* **शौभाग्यवती रञ्जित**



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–२०

*अनुवाद*– **देवकाजी शाक्य**

– १९३ –

– मृत्यु जीवनको प्रारम्भ हो; जन्म मृत्युको लागि तयारी हो ।

– जन्म साँचो अर्थमा जन्म होइन; मृत्यु वास्तवमा मृत्यु होइन ।

– जन्म कारणहरू र परिस्थितिबाट उत्पन्न हुन्छ, मृत्यु कारणहरू र परिस्थितिहरूको विनाशबाट हुन्छ ।

– जन्म र मृत्युको अस्तित्व हुँदैन ।

– १९४ –

– बालुवाको मसिनो दानामा अन्त्यहीन संसारहरूलाई दर्शन गर ।

– जोडले बगेका पानीको गडगडाहटमा सत्यलाई सुन ।

– पलभरको कारण र परिस्थितिमा शाश्वततालाई ग्रहण गर ।

– टहटह जून र शीतल समीरमा बुद्ध प्रकृतिलाई गहिरेर खोज ।

– १९५ –

– प्राचीन मन्दिरको घण्टाको ध्वनी पखेटा विना धेरै टाढासम्म पुग्छ । प्रभावशाली लेखनले आफू मौन भएर पनि हामीलाई हल्लाई दिन्छ ।

– ओइलिएको कमल पनि सुगन्धित रहन्छ ।

– महान व्यक्तित्वहरूका भावना मृत्युपछि पनि जीवित रहन्छ ।

– १९६ –

– चराचुरुङ्गीहरूका चिरविर स्वर, कीटपटङ्गका गुञ्जन, झरझर झरनाहरू नै प्रकृतिका मधूर रस र सहगान हुन् ।

– चहकिला फूलहरू र हरिया पत्ताहरू प्रकृतिका परिदृष्य हुन् ।

– बालबच्चाहरूका मीठो हाँसो, मधूर मुस्कान प्रकृतिका पाठ्यपुस्तक हुन् ।

– खुसी मुस्कुराहटको बान्कीहरू प्रकृतिका चित्र हुन् ।

– १९७ –

– फूलहरू विनाका फूलवारी कुरूप हुन्छ ।

– विना पकवानका थालले खुसी तुल्याउँदैन ।

– प्रशंसा नगरिएका बालबालिका चलाक र असल हुँदैन ।

– तालीको गडगडाहट बिनाको भाषणले मानिसहरूलाई आनन्दित पार्दैन ।

– १९८ –

– आरूका बोटका फूलहरू जाडो मौसममा वासना छरी फुल्छन् ।

– कीटाणुहरू विपदबाट प्रतिरोधी बन्दै बढ्छन् ।

– मनहरू दुःखबाट गुज्रँदै दृढ सङ्कल्पित हुँदै जान्छन् ।

– वादविवाद छलफलको माध्यमबाट सत्य स्पष्ट हुँदै जान्छ ।

– १९९ –

– प्रकृति सद्भावना हो; विरोध अराजकता हो ।

– प्रकृतिको अनुकूल परिस्थितिहरू सृजना गर्छ, अतिवादले दुःख पैदा गर्छ ।

– प्रकृति सौन्दर्य हो । हरएक असल वस्तुको तेजिलो आभा हुन्छ ।

– प्रकृतिले सफलताको घोषणा गर्छ । कारणहरू र परिस्थितिहरूको अनुगमन गर । ❖

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ बुद्धको भिक्षुसंघमा सारिपुत्र र मौद्गल्यामन बुद्धका मुख्य शिष्यहरू थिए । यी दुईलाई **अग्रश्रावक** वा महाश्रावक (=उत्तम शिष्यहरू) पनि भनिन्छ ।

★ **सारिपुत्र** (=धर्म सेनापति) - बुद्धको मुख्य शिष्य । प्रज्ञामा अग्रस्थान प्राप्त भिक्षु । पिता : वंगन्त । आमा : रूपसारी । भाइहरू : चुन्द, उपसेन, रेवत । बहिनीहरू : चल, उपचल, शिशूपचल । गृहस्थी नाम : उपतिष्य (=उपतिस्स) । बासिन्दा : नालक (=उपतिस्स) गाउँ, राजगृह । *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# गढिमाई मेला र वैज्ञानिक पक्ष

✍ जगत वीर सिंह कंसाकार

आजको वैज्ञानिक युगमा यस ब्रह्माण्ड सोर्यमण्डलमा घुमि रहने विभिन्न ग्रह उपग्रह मध्ये सूर्य, चन्द्रमा, पृथ्वी पनि पर्दछन, भन्ने कुरा थाहा हुँदा हुँदै पनि परम्परा, परापूर्वकाल देखि चलि आएको भनी विभिन्न धर्म सम्प्रदायका व्यक्तिहरूले सूर्य, चन्द्रमा पृथ्वी लगायत विभिन्न वस्तुहरूलाई देव देवीको रूपमा पुग्दै आइरहेका छन् ।

त्यस्तै, वर्षौं पहिले लुम्बिनीको मायादेवी मन्दिरमा मायादेवीलाई वनदेवताको रूपमा मानेर पशुपन्छिहरू बलि दिंदै आइरहेको र पछि आएर भारतमा तत्कालिन सम्रात अशोक राजाले स्थापना गरेको अशोक स्तम्भबाट बुद्ध जन्मेको ठाउँमा स्थापित उक्त मंन्दिरमा माहामायादेवीको मूर्ति भनेर थाहा पाए पछि भिक्षु, भिक्षुणी तथा अन्य व्यक्तिहरूको प्रयासबाट हिंसा मुक्त क्षेत्र लुम्बिनी वनको विकास हुँदै आएको कुरा सर्व विदितै छ ।

अर्को कुरा विश्वमा मानिसले सपना देख्नु साधारण कुरा हो, तर नेपाल तथा भारतमा सपना देखेको आधारमै हजारौं हजार देवी देवता, मठ-मन्दिरहरूको निर्माण तथा चाड, पर्वहरूको उत्पत्ति हुँदै आएका धेरै किम्वदन्तीहरू पनि पाइन्छन् । यसैको एउटा ज्वलन्त उदाहरणको रूपमा गढिमाई देवीको मेला अर्थात प्रत्येक पाँच वर्षमा लाग्ने पर्व हो, जुन नेपालको कलैया जिल्लाबाट छ कि.मि.पूर्व परियारपुरं गाविसमा आँप वगैंचाको बीचमा दुई साना मन्दिर भित्र गढिमाईका साना मूर्ति स्थापित छन् । जहाँ यस वर्ष लाखौं लाख पशुपन्छिको हत्या भयो, बलिको रूपमा यो पर्व पनि केही शताब्दी अगाडि अर्थात शत्रौं शताब्दीतिर स्थानिय परियारपुरका एक साधारण व्यक्ति भगवानदास थारू (चौधरी) लाई हत्याको अभियोगमा मकवानपुर जेलमा वन्दी वनाई थुनि राखेको थियो । त्यस बेला दोषबाट मुक्त हुन जेलबाट छुट्नको लागि उनले गरेको प्रार्थना सुनेर सपनामा आएको गढिमाई देवीले आफूलाई परियारपुर लैजाने भएमा मुक्ति दिलाई दिने शर्त राखेको र थारूले जेलबाट छुटेर आफूले गरेको बाचा अनुसार देबीको त्रिशुल ल्याएर गाडेको स्थान परियारपुर मा प्रत्येक पाँच पाँच वर्षमा मेला (पर्व) लाग्दै आएको इतिहासले वताउँछन् । पछि गएर स्थानियदाताहरूले उक्त स्थानमा दुई मन्दिरको निर्माण गरी मूर्ति स्थापना गरेका थिए भनिन्छ । अहिले पनि मन्दिरका मूल पुजारीको रूपमा भगवानदास थारूकै सन्तान (खलक) हरू छन् । यसरी सपनामा देखे अनुसार गढिमाई देवीलाई परियारपुरमा स्थापना गर्नु मात्र थियो तर बलि दिनु पर्ने कुरा थिएन । बलिप्रथा कसरी प्रचलनमा आयो भन्ने कुराको कुनै ठोस प्रमाण देखिन्दैन । अझ विश्वले परेवा पन्छि 'शान्तिको प्रतिक' भनेर मानी राखे पनि बुद्ध जन्मेको शान्ति भूमि नेपालमै फेरी परेवाकै बलिदिइरहेको देखिन्छ । एउटा विचारनिय कुरा के पनि छ भन्ने हामी नेपालीहरूले विशेष गरेर तिहारताका विभिन्न पशु पन्छिहरूलाई ईश्वरको रूपमा पूजा गर्छौ भने दशैं लगायत विभिन्न पर्वमा वलिको रूपमा मार्ने गर्छौं । कस्तो विडम्वना हो यो ?

पशुबलि प्रथालाई पशुहरूको जीवनको मोक्ष तथा मुक्तिका लागि गरिन्छ भन्नेहरूलाई मेरो प्रश्न छ परापूर्वकालमा मान्छेलाई (नरबलि) पनि बलि दिने चलन रहेको हामीले सुनेका छौं । त्यसलाई मात्र किन अहिले आएर वन्द गरियो त अर्थात गैर कानून मानियो त ? आखिर मानवले पनि त मोक्ष तथा मुक्ति मार्ग चाहेका हुन्छन् नि यस संसारबाट ? अर्को अचम्मको कुरा के छ भने गढिमाई मेला भरी लाखौं पशुपन्छिहरूको बलि दिएर बगेको रगतको आहालमा कुनै झिंङ्गा नलाग्नु, त्यस ठाउँमा आफै दिप प्रज्वलित हुने भन्ने जहाँसम्मको कुरा छन्, त्यसमा बैज्ञानिक कारणहरू पनि हुन सक्छन् । सायद त्यहाँ पेट्रोलियम पदार्थको भण्डार (खानि) रहेको छ कि, त्यस्तै, दुर्गन्ध फैलिन नदिन महामारी फैलिन नदिन पशु कार्यालय क्वारेन्टायनको सहयोगमा फैनाइल, डिडिटी पाउडर, चुन, नून आदि छर्कने गरेकाले हो कि ।

कुनैपनि ठूलठूला जहाँ लाखौं लाख भक्तजनहरूको सहभागिता हुने पूजा, पर्वहरू, देवीदेवता अर्थात् मन्दिरहरूमा विशेष व्यक्तिहरू जस्तै, ठूलठूला शंकराचार्य, महात्माहरू, राजा, राष्ट्रपति, प्रधानमन्त्रीहरू उपस्थिति हुने गर्दछ तर यस गढिमाई स्थानमा विशेष व्यक्तित्वहरूको



Downloaded from http://www.dhamma.digital

उपस्थिति शुन्य नै छ, वरू उहाँहरूले विरोध कै आवाज उठाइरहेका छन् । १८ रौं सार्कराष्ट्र समेलनबाट नेपालले कमाएको सुनाम (साख) लगतै गढिमाई मेलामा भएको दुइ दिन भित्र भएका लाखौं पशुपन्छिको बलिले विश्वसामु नेपालको छबि वदनाम हुन पुगेको कुरा अधिकांश सबै किसिमका सञ्चार माध्यमबाट प्रचार प्रसार भैरहेका छन्, जुन सम्पूर्ण नेपालीको लागि दुःखको कुरा हो । अझ सामाजिक संजाल फेसबुकमा त यस बारेको फोटो, मेसेजले त विश्वभर हलचल नै मचाई दिएको छ । यसबाट विदेशमा वस्ने लाखौंलाख नेपालीहरूले नाजवाफ भएर शीर झुकाई रहेका छन् ।

यो भन्दा पाँचवर्ष अगाडि अर्थात बि.सं. २०६६ सालमा पनि हिंसा रोक्न तपस्वी राम बहादुर वमजन द्वारा कोशिश गरेको थियो, जसलाई जवर्जस्ति दमन गरी उल्टै उनलाई नै विभिन्न आरोप लगाइएको थियो । केही दिन अगाडि वलिप्रथा रोक्न प्रयासरत अहिंसा तथा पशु अधिकारवादी संघ, संस्था लगाएत भारतका सर्वोच्च अदालत र नेपालका सभासद राज्यलक्ष्मी गोल्छा सहित पशु अधिकारवादीले बलि प्रथा रोक्न अन्तरिम आदेश जारी हुनुपर्ने जिकिर गर्दै सर्वोच्च अदालतमा निवेदन दायर गरेका छन् । युरोपियन युनियन (युरोपेली महासंघ), सार्क राष्ट्रका सरकार प्रमुखहरूले समेत वलिप्रथा रोक्न आग्रह गरेका छन् ।

तसर्थ यसको रोकथामको लागि एक दुई महिना अगाडि मात्र पहल गर्ने अथवा कार्यक्रमहरू ल्याउने होइन कि अहिले देखि नै हामी र हाम्रा पशुअधिकारवादी संघ, संस्थाहरू लगायत बौद्ध भिक्षु, भिक्षुणीहरूले पनि सम्वन्धित ठाउँमा गएर सही मार्गको वारेमा प्रचार प्रसार गर्न, वास्तविक धर्मको बारे धर्म देशना गर्ने कार्यक्रमहरू अगाडि बढाउन अत्यावश्यक भैसकेको छ । ❖

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ सारिपुत्रलाई अस्सजित *(पंच भद्रवर्गिय भिक्षु मध्ये एक)* ले बुद्ध-धर्ममा ल्याएका थिए । त्यसैले सारिपुत्रले सँधै आफ्नो गुरु अस्सजित रहेको दिशातिर प्रणाम गर्दथे र सुत्दा आफ्नो टाउको उक्त दिशातिर पारी सुत्दथे ।

*(साभार- बौद्ध दर्पण)*

# न दुःख देउ न दुःख पाउ

✍ **नरेन्द्रनाथ भट्टराई**

आफूले दुःख नपाउन केही गर्नु पर्दैन केवल अरूलाई दुःख नदिए मात्र पुग्दछ । यस सत्य कुरालाई ध्यान नदिई मानिस के गरेमा सुख पाइएला भनी अथक निरर्थक परिश्रममा व्यस्त भइरहेका छन् । सुख कहिंपनि खोजे पाइने बस्तु होइन । दुःख नपाउनु देखि वाहेकको अर्को सुख भन्ने केही हुँदैन । हामीले जसलाई सुख भनेर मानेका छौं, ठानेका छौं र जसको लागि मरिमेट गरिरहेकाछौं, त्यस्ता सुखको परिणाम केवल दुःख मात्र हुन्छ । "आफूमात्र सुख पाउँ" यो भावना नै सबै प्रकारका दुःखका मूल कारण हो । सुख अड्दै अड्दैन यही यसको स्वभाब हो । कसैलाई पनि कुनै प्रकारको दुःख नदिए मात्र सुख पाइन्छ, सच्चा सुख । मानिस त यस्ता सम्म स्वार्थी र मूर्ख भइसके भने आफूले जसलाई जे गरे पनि मामुली कुरा हुने अनि अरुले आफूलाई चाहिं सानो केही गर्‍यो भने पनि त्यो महान् हुने । यसै प्रसङ्गमा यो एउटा सानो घटनालाई पढौं र कुरा गहिरिएर बुझ्नतिर लागौं ।

कुनै एउटा गाउँको एक घरमा ४ जनाको एउटा परिवार रहेछ । बूढी आमा, छोरा बुहारी र ११/१२ वर्ष उमेरको एउटा नाती । बुढी सासूलाई बुहारीले जहिले पनि हेलाँ गर्ने, अपशब्द प्रयोग गर्ने, पेटभर खान पनि नदिने गर्दिरहिछ । त्यसैगरी दिन बित्दै गयो । सानो नाती जवान भयो, त्यसको पनि बिहे भयो । त्यसपछि ती बुढीया ओछ्यान पर्ने गरेरै बिरामी परिन् । बुहारी चाहिंले थला परेकी सासूलाई झन्-झन हेला गरेर झुत्रो, झाम्रो लगाउन दिने, भर्‍याङ्गमुनी छिंडीमा सुत्न दिने र एउटा कतारो लगेर उब्रेको, डढेको खाना खानदिने गर्दिरहिछ । एकदिन ती बुढीया मर्छिन । तिनी मरेपछि तिनका सबै लुगाफाटा र कतारो पर खोलाको किनारतिर फ्याकेर आउ भनी आफ्नी नवागन्तुक बुहारीलाई भनी । सासूको त्यो कुरा सुन्दा ती नयाँ बुहारीले भनिन्–

"होइन हजूर ! यी लुगाफाटा र कटारोलाई त म भर्‍याङ्ग मुनि सुरक्षित साथ राख्दछु ।"

आश्चर्य मान्दै सासूले भनिन्–

"यस्तो फोहोरमैलालाई घरमा राख्नु हुँदैन । लैजाउ चाँडै फालेर आउ ।"

यस्तो कुरा सुनेर बुहारीले भनिन्- "हैन हजुर ! अब १०/१५ वर्ष पछि त तपाई पनि त्यस्तै बूढी भैहाल्नु हुन्छ तपाईलाई पनि त त्यहीं सुत्ने ठाउँ पनि चाहिन्छ, यी लुगाफाटा पनि चाहिन्छ । तथा खान दिनको लागि यही कटारो काम चलिहाल्छ नि म त्यस बखत फेरि नयाँ कटारो कहाँ किन्न जाउँ ? अनि थोत्रा लुगा कपडा कहाँ बटुल्न जाउँ ?" ❖



Downloaded from http://www.dhamma.digital

पोखराको नयाँ आकर्षक

# बुद्ध दर्शनको रोबोटिक म्यूजियम

✍ **जमुना वर्षा शर्मा**, पोखरा

पर्यटकीय आकर्षण बोकेको पाताले छाँगो प्रवेशद्धार अगाडि रहेको सो संग्रहालयमा हामीले देख्दै आएको र सोचेको भन्दा भिन्न तरीकाबाट बुद्धको जीवनी सिलसिलेवार रुपमा देख्न र सुन्न सकिन्छ । बुद्धको बारेमा बुझ्न जानकारी लिन संग्रहालय निकै उपयोगी हुने यसका संचालकहरूको भनाइ छ ।

'हामी बुद्धको भौतिक शरीरका बारेमा बहसमा जुटेर धेरै समय बर्बाद गऱ्यौं, तर बुद्धत्वको महत्वलाई आत्मसात् गर्न सकेनौं । बुद्धको जन्म कुनै भौगोलिक सिमिततामा मात्र आधारीत नभई सारा ब्राम्हण्डमा भएको भनि बुझ्नु पर्छ ।' आजको युगमा बुद्धको खोजी भन्दा बुद्धत्वको खोजी गरीनु पर्ने तर्क गर्छन्, बुद्ध दर्शन प्रालिका अध्यक्ष एवं परिकल्पनाकार प्राथमिक कुमार न्यौपाने ।

बुद्ध ज्ञानलाई आत्मसात् गरेर विश्वका कतिपय देशहरू विकासको तिव्र गति तर्फ अगाडि बढिरहेको भन्दै यसको संरक्षण गर्नु र बुद्धत्व फैलाउनु सबैको कर्तव्य ठान्छन् न्यौपाने । संग्रहालयमा आउनेहरूले नजिकबाट बुद्धलाई हेर्ने र उनका मधुर वाणी सुन्न सक्ने उनले बताए । संग्रहालयमा रोवर्टमार्फत मूर्तिहरू चलबलाउने, बोल्ने र हाउभाउ देखाउने हुँदा यो नेपालमानै नौलो र पहिलो संग्रहालय भएको न्यौपानेको दावि छ ।

**कसरी बन्यो रोबोटिक म्यूजियम ?**

गजबको संयोग देखिन्छ यस म्यूजियमको बारेमा स्याङ्जाका चोलबहादुर शाही ठकुरी बुद्ध दर्शनबाट निकै प्रभावित व्यक्ति हुन् । बुद्धत्वका बारेमा विभिन्न माध्यमबाट जान्न र बुझ्न खोज्ने ठकुरी ब्रिटिश आर्मीमा हुँदा धेरै विदेशीसँग संगत भयो । तर बुद्धका बारेमा कसैले पनि नेपालमा जन्मिएको भनेनन् । सबैले इण्डिया भने । यो कुराले उनलाई निकै दुखी बनायो । जब रिटायर्ड भएर नेपाल आए । बुद्ध नेपालमा जन्मेको तर किन विदेशीहरूले भारत भन्छन् ? मन दुखिरह्यो तर कुनै विचार थिएन । एक दिन गुप्तेश्वर गुफाका पुजारी ऋषिराज निरौला आएर उनको घरमा कृष्ण लिलाको बारेमा केहि बनाउन सुझाएँ । तर मन बुद्ध तिर थियो । उनकै घर बनाउँदा एक्सटेरियर इन्टेरियरको काम गर्दा सम्बन्ध गाँसिएका प्राथमिक कुमार न्यौपाने आफ्नो बुद्ध प्रतिको आस्था सुनाए । न्यौपानेले अचम्मको प्रतिक्रिया दिए 'ओहो ! मेरो मन भित्रको कुरा गर्नु भयो अंकल ! म यसबारेमा आजै देखि अध्ययन गर्छु, भन्दै उनी निकै प्रसन्न भए ।' चोलबहादुर शाहीलाई ढुंगा खोज्दा देउता मिले जस्तो भयो । कस्तो बन्छ के बन्छ केहि थाहा थिएन ठकुरीलाई आफ्नो घरमा बुद्धको संग्रहालय बनेको देख्ने चाहाना उनमा तिव्र थियो । आज सोचेको भन्दा राम्रो बनेकोमा चोल बहादुर शाही र उहाँकी श्रीमती लक्ष्मी शाही निकै प्रसन्न छन् । झण्डै ३६ सय मिटर क्षेत्रफलमा फैलिएको सो म्यूजियम ठकुरीको घरमा रहेको छ । हाम्रो घरमा छ लगानी पनि गरेका छौ । तर नाफामुखि दृष्टिकोण राखेर हेरेका छेनौ । लगानी अनुसारको टिकट छैन । न्यूनतम छ । सबैलाई हेरिदिन आग्रह गरे ।

यता काठमाडौ कालिमाटिका प्राथमिक न्यौपाने एक्सटेरियर इन्टेरियरको एवं विज्ञापन एजेन्सिका संचालक हुन् । सँगसँगै २० वर्ष देखि साधना मार्गमा लागेका व्यक्ति पनि हुन् । ओशोको आचार्य एवं साधाना मार्गी न्यौपाने पनि बुद्धको ज्ञानबाट निकै प्रभावित छन् । 'बुद्धत्व प्रत्येक व्यक्तिको जन्मसिद्ध अधिकार हो । बुद्धत्व नै जीवनको प्रयोजन हो, आफ्नो दीयो आफै बन' भन्ने बुद्धवाणीबाट प्रभावित न्यौपानेले यो बुद्ध धर्म नभई विज्ञान हो भन्छन् । न्यौपानेले भारत घुम्दा देखेका कतिपय दृश्यहरूलाई मानसपटलमा संगालिराखेका थिए । आफ्नो देशमा बुद्धका बारेमा यस्तै बनाउन पाए हुन्थ्यो भन्ने उनलाई लागिरहेको थियो । तर यो विलासी समाजमा आध्यात्मिक मार्गमा कसको रुचि होला ? आफैलाई अनुत्तरीत पाउँथे । यसरी दिनहरू बितिरहँदा उनको चोलबहादुर ठकुरीसँग ठ्याक्कै तन, मन मिल्यो । अब यसलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा व्यवसायिक सम्बन्ध राम्रो भएका पोखराका व्यवसायी इच्छामान बुद्धाचार्यलाई सबै कुरा सुनाएँ । बुद्धिष्ट परिवारमा जन्मिएका इच्छामान न्यौपानेको कुरामा निकै प्रसन्न भए । उनले सहकार्य गरेर अगाडि बढ्न वचन दिए । त्यस पछि २०६८ सालमा म्यूजियम बनाउने



Downloaded from http://www.dhamma.digital

औपचारीक काम शुरु भयो। यीनै तिन व्यक्तित्वको संयुक्त प्रयासमा डेढ करोड लगानीले बुद्ध दर्शन रोबटिक संग्रहालयको स्थापना भयो ।

आठ कक्षमा विभाजित संग्रहालयभित्र बुद्ध जन्मेको, हुर्किएको, दरबार परित्याग गरेको, तपस्या गरेको, तपस्या गर्दाको अवस्थालाई दृश्य आवाज सहित देख्न पाइन्छ। एउटा कक्षमा साढे ६ मिनेटको अडियो र भिडियो सुन्न र हेर्न सकिन्छ। बुद्ध दर्शनलाई पर्यटनसँग जोड्दै र स्वदेशी तथा विदेशी नागरिकलाई बुद्ध दर्शनको बारेमा जानकारी दिने उद्देश्यले 'ज्ञान र मनोरञ्जनको संमिश्रणबाट म्यूंजियम तयार गरेको अध्यक्ष न्यौपानेले बताए। प्रत्येक कक्षमा एकपटकमा १७ जनासम्म बसेर हेर्न सकिनेछ । यस संग्रहालयले जानकारी मात्रै दिने होइन यहाँको परिवेश र प्राकृतिक दृश्यहरूले तनावनै कम गराउने संचालकको दावि छ।'

वैज्ञानिक, इन्जिनियर, वरिष्ठ मुर्तिकारले न्यौपानेको परिकल्पनालाई दुरुस्तै उतारी दिएका छन्। आठवटा अलगअलग कोठा गौतमबुद्धका आठवटा चरणको बारेमा प्रस्तुत गरिएको छ । पहिलो कोठामा बुद्धको सन्देशको मर्मका बारेमा सन्देश प्रस्तुत छ । दोश्रोमा सिद्धार्थ गौतमको जन्म, राजा शुद्धोदन र ऋषिको वार्तालाप समेटिएको छ । तेस्रोमा बाल्यकाल परिवेश देखाइएको छ । चौथो कोठामा सिद्धार्थ गौतमको बिहे प्रसंग, राजदरवार त्यागी अध्यात्म मार्गको प्रसंग छ । पाँचौ चरणमा बाबु शुद्धोदनसँगको वार्तालाप, सन्यासी जीवनमा लागेको दृश्य प्रस्तुत गरिएको छ। छैठौं कोठामा उनको ध्यानकाललाई समेटिएको छ। सातौं चरणमा उनले प्राप्त गरेको ज्ञानको मुल दर्शन चार आर्य सत्य र अष्टागिंक मार्गका बारेमा चर्चा गरिएको छ। अन्तिम कोठामा बुद्ध र अंगुलीमालको भेटबारेमा प्रस्तुत गरिएको छ । एउटा कोठा भित्र प्रवेश गरेर फर्किदा भिन्न स्थानबाट आएको अनुभव हुने गर्दछ ।

उच्च प्रविधिको प्रयोग गरेर बनाइएको यस संग्रहालयमा प्राकृतिक सुन्दरताको झल्को दिन लाइटहरूको उचित संयोजन गरिएको छ । संचालक इच्छामानले भने यसको अवलोकन पछि पर्यटकमा बुद्धबारेको भ्रम पनि हट्ने छ र बुद्ध ज्ञानको पनि प्रचार हुनेछ। संग्राहलयमा प्रयोग भएका सामग्री, थाइल्यान्ड, भारत, चीनलगायत मुलुकबाट ल्याइएको बुद्धाचार्यले बताए ।

अंग्रेजी र नेपाली भाषामा सुन्न सकिने अडियो अन्य भाषाका लागि पनि प्रयास भएको बताए । यहाँ प्रवेशका लागि नेपालीलाई सय, भारतीयलाई १ सय ५० र तेस्रो मुलुकका लागि २ सय पचास तोकिएको छ।

पर्यटकीय नगरी पोखरामा खुलेको यस रोवोटिक म्यूजियमबाट प्रविधि र शैलि मार्फत सबै सामु बुद्ध पस्कन साँस्कृतिक, साहित्यिक तथा प्रविधिका माध्यमबाट थप पर्यटक आकर्षण गर्ने र पर्यटकहरूलाई बुद्धको मार्ग चिनाउन मद्दत मिल्ने अपेक्षा संचालकहरूले गरेका छन्। ❖

*(साभार- 'पोखरा एक्सप्रेस' २०७१ पुष दोस्रो पक्ष, वर्ष-१७, अङ्क-१४)*

*(यो श्रोत उपलब्ध गराइदिएकोमा उत्पलवर्ण कंसाकार (बनिया) 'परियत्ति सद्धम्म पालकलाई' धन्यवाद! -सम्पादक)*

## धर्मकीर्ति पत्रिका साधारण सदस्यता नवीकरण सम्बन्धी सूचना

**वि.सं. २०७२ साल वैशाख महिनाको बैशाख पूर्णिमा देखि धर्मकीर्ति पत्रिकाले वर्ष ३३, अङ्क १ मा प्रवेश गर्दैछ। पत्रिकाको वार्षिक ग्राहकहरूद्वारा यस पत्रिकाको साधारण सदस्यता समयमा नै नवीकरण गराउनुभई वर्ष ३३ का सबै अङ्कहरू (१-१२ अङ्क) प्राप्त गरी सहयोग गरिदिनहुन अनुरोध गरिएको छ।**

**वार्षिक ग्राहक शुल्क रू. १००/– नै कायम भएको सूचना पनि जानकारी गराइएको छ।**

**धर्मकीर्ति पत्रिका**

**धर्मकीर्ति विहार**

श्रीघः नःघः, काठमाडौं, नेपाल ।



Downloaded from http://www.dhamma.digital

# धर्म अन्धविश्वास मखु

✍ **तुलसीकाजी मानन्धर**

संसारय् थीथी कथंया धर्म माने याइपिं मनूत दु । प्रायः दक्व मनूतय्सं छुं न छुं धर्म सम्प्रदायय् प्रत्यक्ष, अप्रत्यक्ष रूपं माने याना हे वयाच्वनी । समग्र रूपं प्रकृतिया नियमयात हे धर्म धाइ । बांलाःगु कर्म याः सा सुधर्म, बांमलाःगु याःसा अधर्म वा पाप जुल धर्म व पाप प्रत्येक जीवनय् चायेकं, मचायेकं मनूतय्सं याना हे च्वनी । गुकियात होश तयाः मनूतय्सं बांलाःगु कर्म यानाच्वनेमा ।

बांलाःगु कर्मया फल बांलाःगु व बांमलाःगु कर्मया फल बांमलाःगु जुइगु स्वाभाविक खः । मभिंगु मनय् तयाः न्ह्यागु नं ज्या याः म्हेसिया मनय् चितासू दइ मखु अर्थात् जीवन दुःखमय जुइ । अथे हे बांलाःगु मनय् तयाः न्ह्यागु नं ज्या याइम्हेसिया मन सुखमय जुइ । उकिं धर्म धइगु न्ह्याबलें बांलाःगु ज्या वा कर्म यायेगुली लगे जुइगु जुइमाः ।

थौकन्हय् शिक्षित धाःपिं, भौतिक रूपं जक चिन्तन याइपिं बुद्धिजीवी धायेकाच्वंपिं, राजनैतिक लगायत थीथी क्षेत्रय् सनाच्वंपिं मनुतय्सं धर्मयात अन्धविश्वासया रूपय् माने याना वयाच्वंगु दु । धर्म धइगु ज्या मदुपिं जक लगे जुइगु क्षेत्र धइगु तायेकाः जुयाच्वनी । उमिसं धर्मयात विश्वास याइ मखु । धर्मयात कार्ल मार्क्सया धापू अनुरूप अफिम धाइपिं नं दु ।

समाजय् गुलिखे धर्मगुरूपिंसं अलौकिक रूपं जक धर्मया व्याख्या यानाच्वनी । चित्तसुद्ध यायेगुपाखें बः मबिसे केवल पूजा पाठ, यज्ञ होम, स्वःल्हुयाः धर्म लाइगु आदि खँ कनाः ईश्वर लय्तायेकेगु धकाः थीथी धर्म कर्म यानाच्वनी । मनय् लुया वःथें धर्मया व्याख्या नं याःगु जुयाच्वनी । धर्मया खँ कनीबलय् थीथी द्यः याथाय् पूजा याः वंसा थीथी कथं धर्म सम्पत्ति प्राप्त जुइ । सन्तान दइ, मुद्दा त्याइ, बिघ्नबाधा मदया वनी धकाः प्रलोभन बी । थुकियात विश्वास मयाःसा थीथी कथं मभिं जुइ, नर्कय् वनी धकाः ख्याना तइ गुकिं यानाः मनूत अन्धभक्त जुजुं वनी । अले धर्म अफिम थें ला जुइगु हे जुल ।

धर्मय् नं राजनैतिक रूपं छगू धर्मं मेगु धर्म वा सम्प्रदाययात दमन यायेगु, आक्रमण यायेगु, बन्देज तयेगु, खण्डन मण्डन यायेगु ज्या याना वयाच्वंगु दु । थ्व फुक्कं धर्मनीति मखु, कुनीति खः । हिंसा यायेगु ज्या तकं धर्मया नामय् जुया वयाच्वंगु दु । थ्व फुक्कं धर्मय् विकृति कथं दुथ्यानाच्वंगु खः । थुकियात त्वःता मछ्वः तले धर्म शुद्ध रूपं न्ह्याःगु धाये फइ मखु ।

गुलिखे ल्यायम्हतय्सं पूर्व जन्म व पुनर्जन्मयात माने मयासे थः यत्थे सना जूगु नं खंकेफू । जब उपिं बुढाबुढी जुइ । उपिं हे भयभित जुयाः थीथी देगलय् वनाः पूजा याइ, भक्तिभाव प्वंकी । धर्मया विषयय् छुं मसिउसां नारायण, नारायण, राम राम, भगवान शरण धया जुइ । अबलय् जीवनया अन्तिम इलय् थ्यनेधुंकी, थुकिं छुं फाइदा जुइ मखु । ई दुबलय् हे धर्म न्यनाः थुइकाः सीका तये फयेकेमाः । ई दुबलय् मोजमज्जा याना लिपा पस्ताय् जुइगु उचित मखु ।

भौतिक रूपं जक चिन्तन यानाः धर्मया महत्व थुइके फइ मखु । धर्मयात बांलाक खः मखु छुटे यानाः जक विश्वास यायेमाः । थम्हं छुं नं मथुइक कर्पिंनिगु लहलहैलय् जक लगे जुया थःगु दुःख मदयेका छ्वये फइ मखु । दान, शील व भावनाय् लगे जुयाः दुःख मुक्त जुइगु लँपुइ वंसा जक सही धर्मया लँपु जुइ । हिंसा यायेगु, खुया कायेगु व्यभिचार यायेगु, मखुगु खँ ल्हाना जुइगु व लागु पदार्थ सेवन यानाः स्वायेगु स्वयां थुगु हे भरय् नापं परिश्रमी जुयाः स्वस्थ व सरल जीवन हनेगु यायेमाः ।

थौंया आधुनिक युगय् धर्मया आवश्यकता झन अप्वः जुयाच्वंगु दु । धर्मया व्यापक प्रचार प्रसार याःसा जक युद्धया भयावहं बचे जुइफइ । अन्यथा संसार विनाशपाखे न्ह्याना वनी ।

धर्म प्रत्येक व्यक्तियात न्ह्याबलें नं नैतिकता, इमान्दारिता, सदाचारिता नापं मेहनत यायेगु कर्म स्यनाच्वंगु दइ । नापं सकलें प्रति मैत्री, करूणा, मुदिता व उपेक्षा भाव तयेगु स्यनी । कला, धर्म संस्कृति, रीतिरिवाज नं धर्मपाखें हे पिहां वइगु खः । धार्मिक मनुखं कर्म वा कर्मफलयात विश्वास याइ, स्मृतिवान जुयाः ईर्ष्य यात वा चायेका : निस्वार्थ रूपं परोपकार याइ । धर्मं हे जीवन सही तरीकां स्वायेगु कला स्यनी नापं सुखपूर्वक सीगु कला नं स्यनी ।

यदि धर्म प्रति अविश्वास यानाः लापर्वाही याना जूसा समाज् देय् व संसारय् झन हे सदाचारिता मदयाः भद्रगोल शुरु जुइ । अन्तय् दुर्लभ मनूतय् जीवनया महत्व थुइकाः सकल सत्वपिनि प्रति भिंगु कामना यासें धर्मपूर्वक अनुशासित जीवन बिते यानाः सेवा याये फुसा जीवन धात्थें सार्थक जुइ ।

॥ भवतु सब्ब मङ्गलं ॥

*(साभार- सन्ध्या टाइम्स, २५५८ स्वांयाः पुन्हि विशेष)*



Downloaded from http://www.dhamma.digital

# शिक्षा कयां नं शिक्षित मजूसा छु याये ?

✍ सुनिता मानन्धर

थौ देशय् सकतां थिके । थिकेया भारी सकसिनं क्वबी मालाच्वंगु दु । थन सकसितं मदयेकं मगाःगु वस्तुया भाः दकलय् थिके जुयाच्वंगु दु । नसा, त्वँसांनिसें स्वास्थ्य व शिक्षाया भावं सर्गः थीधुंकल । शिक्षा ला छगू कथं व्यापार यायेगु लँपु हे जुइ धुंकल । म्हिगःतक झीगु समाजय् शिक्षा दान यायेगु भिं कथं काइगु खः तर थौं शिक्षाया व्यापारं छचालं हा कायेधुंकल । साधारण कथं लजगाः याइपिनिगु लागिं थ्व अभिशाप हे जुयाबिउगु दु । थःगु कमाइनं मस्तयुत बांलाक आखः ब्वंके थाकुइ धुंकल । उमिगु लागि थ्व लखय् मिखा कने थें जुइधुंकल छम्ह मचायात ब्वंकेत सलंसःया छु खँ द्वलंद्वलं नं मगाये धुंकल । थन लखौंलख दां कमे याइपिनि मांबौया मस्तयुसं जक थः धाःधाःथें जाःगु ब्वंके फइगु जुइधुंकल । थन थःगु कमई बमलाःपिं नं दु । अयुनं उमिसं थः मस्तयुत सक्षम यायेत धकाः थःगु सर्वस्व हे फुकाच्वगु दु ।

थन आखः ब्वनां ला ज्या मदु । आखः मब्वनाः छु याये धया थें जुइधुंकलं । उकिं ला जागीर छगू नयाः छुं भचा कमे यायेत धकाः आखः ब्वनी अले ब्वंकी । थःगु सर्वस्व फुकाः आखः ब्वना वई । अले जागीर नयेगु इलय् नं कमे यायेगु बाहेक मेगु छुं बिचाः याइमखु । जागीरयात छगू व्यापार कथं काइ । अन च्वनाः न्ह्याथे यानाः जूसां थम्हं फुकागु धन मुनेत स्वइ । अन भ्रष्टाचार यानाः जूसां मखुगुयात खः याना जूसां धन कमे यायगु ज्या याई । तर बुद्ध शिक्षा कथं थुकथंया ज्या गुब्सं याये मजिउ। थन शील स्यंकीम्ह मनू छयं मदुम्ह मनू सरह जुइ । थुकथं हे बेदब्व जातकय् 'गुम्हेसिनं अनुचित मार्ग धन हितया इच्छा याइ, उम्हेसिनं दुःख सी विनाश जुइका च्वनेमाली' धयातःगु दु ।

ब्वनाः थःगु जागिर दयेवं न्हापा थम्हं यानागु दक्व इच्छायात पूवंकेत स्वइ । अनं छैं, बुँ, मोटर, गाडी सकतां पूवंकी। तर मनूया इच्छा असीमित । न्ह्याक्व दःसां इच्छा व कामना त्वःती मखु । बौद्ध गाथाया ग्रन्थ धम्मपदय् थुकथं धयातःगु दु, 'धन सम्पत्तिं गाःसां मनूया काम तृष्णां तृप्त जुइ मखु । पण्डितजनपिं सांसारिक काम भोगय् भचा जक सवाः दु थुकी दुःख दु धका थुइकाः काम सुखया इच्छा याइ मखु ।

थन आखः ब्वंकेगु नामय् मस्तयुत मांबौ व छेंजःपिंनाप तापाक तया तइ । मस्तयुसं छयेंजः थःथिति तकं म्हसी मखु । उमिगु छचालं सफू व ब्वने ज्वलं जक जुइ । उमिसं बांलाक हे आखः ब्वनी तर थःगु कर्तव्ययात बांलाक थुइके फइ मखु । थन उपिं शिक्षित ला जुइ । अयुनं थःथिति, थः छेंजः व समाजया लागिं यायेमाःगु कर्तव्य ध्वाथुइके फइ मखु । थौं झीगु समाजय् शिक्षितपिं यक्व दु अयुनं समाज सभ्य व संगठित जुइ मफुनि । मनू मनूतयुगु दथुइ नं धाथें मनू जुयाः म्वानाच्वंपिं म्हो जक हे दइ । तर बुद्ध शिक्षां मनूया मू थुइका बी । थुकिं मनूयात मनू जुयाः म्वायेगु गुण स्यना बी । मनूयाके दयेमाःगु गुणयात ध्वाथुइका बी । अथे हे थुकिं सकसितं थःथःगु कर्तव्ययात नं बांलाक उलाः ध्वाथुइका बी ।

अयु ला थौंकन्हय् ब्वनेगु ज्या नं उलि अःपु मजु । सुथसिया नसंचा इलंनिसें बाचा ईतक आखः ब्वंसा ब्वने क्वचाइ मखु । नये, त्वने छखे लाकाः फु, मफु मधासें पाठ कण्ठ यानाः जुइमाः । थुकथं कण्ठ याःगु पाठ कन्हयं ज्याख्यलय् जूसां मजूसां जाँचय् पास जुइत दुःख सियाः आखः ब्वनेमाः । अथे ला बौद्ध ग्रन्थ धम्मपदय् थुकथं ब्वनेया ज्या मवःगु खँ न्ह्यथनातःगु दु ।

**सहस्समपि चे गाथा – अनत्थपदसंहिता**
**एकंगाथापदं सेय्यो – यं सुत्वा उपसम्मत्ति**

(*अर्थ*– न बर्थया पद दुगु सहस्र गाथा ब्वनेगु स्वयां सार्थक गाथा छगू हे श्रेष्ठ, गुगु सार्थक गाथा ब्वनेबलय् शान्ति दइ ।)

कन्हय् छुं लाभ कायेगु तातुनां हे थौं दुःख सियाः आखः ब्वनी । तर कन्हय् वयाः जब थम्हं ब्वनाकथं ज्या याये फइ मखु । अले उमि मानसिक स्थिति स्यनी । थौं झीगु न्ह्यःने थुकथं मानसिक तनावय् च्वनाच्वंपिं यक्व हे दु । थुकथं थम्हं ब्वनागुया सारतकं मथूम्ह ला मूर्खं सरह हे जुइ । सफू पँपँ ब्वंसां ज्ञान थुइके मफइगु मूर्ख खः । थुकथंया ज्याखँ याइपिं कन्हय् वनाः द्यापं लाइगु खँ बुद्धगाथाय् थुकथं न्ह्यथनातःगु दु ।

**यावदेव अनत्थाय – अत्तं बालस्स जायति**
**हन्ति बालस्स सुक्कंसं – मुद्धमस्स विपातयं**

मूर्खया बुद्धि अनर्थ यायेगु जुइ । मूर्खं थःगु मूर्खताया कारणं थःगु सुख जुइगु भविष्ययात थःगु छयं तछ्याये थें स्यंकी ।

तथागत बुद्धं प्रज्ञा हे मनूया रत्न खः धयाबिज्याःगु दु । प्रज्ञाया साधारण अर्थ बांलाक सीका कायेगु खः । तर ज्ञान जक दयां प्रज्ञा दइगु मखु । विशेष कथं सीकाः कायेगु व खंकेगु हे प्रज्ञा खः ।

थौं नं मिसातयुसं बांलाक ज्ञान काये फइ मखु धयागु धारणा दु । समाजय् दुगु थुगु धारणां मिजं स्वयाः मिसा लिउने हे लानाच्वंगु । आखः ब्वंकेगु इलय् ला झन् मिसायात छपलाः लिउने हे तइ । सयेका सीका कायेगु मिसाया क्षमता हे मदु थें तायेकी । तर तथागत बुद्धं साधारण ज्ञान प्राप्त यायेत जक मखु प्रज्ञा ज्ञान प्राप्त यायेगु खँय् नं मिसात न्ह्यःने लाइगु खँ न्ह्यथनाबिज्याःगु दु । बुद्ध शिक्षा कथं प्रज्ञायात म्हसीके फयेके माः । थुकिं कर्तव्य म्हसीका बी । आचरण बांलाका बी । चरित्र शुद्ध याना बी । प्रज्ञा शान्तिवादी खः । थुकथं बुद्ध शिक्षायात थुइकाः शिक्षा ग्रहण याये फःसा जक धाथेंम्ह शिक्षित जुइ । उम्ह मनुखं जक समाज सभ्य, संगठित यानाः विकासया लँपुइ न्ह्याका यंके फइ ।

थन भौतिक कथं सम्पन्न जुइवं जक सभ्य समाज जुइगु मखु । उत्पत्ति व विनाशया ज्ञान नं दयेकेमा । थुगु खँयात बुद्ध गाथाय् थुकथं न्ह्यथनातःगु दु – उत्पत्ति व विनाशया ज्ञान ल्वःमंकाः सच्छिदँ म्वायेगु स्वयां, उत्पत्ति व विनाशया ज्ञान थुइकाः छन्हु जक म्वायेगु वेश ।

*(साभार- 'टाइम्स' बिसं २०७१ पौष १६ गते बुधवाः)*



Downloaded from http://www.dhamma.digital

# भिक्षुणी धम्मवतीलाई चेतकी प्रज्ञा सम्मान बौद्ध धर्म दर्शन पुरस्कार



२०७१ पौष १९ गते,
चाकुपाट, ललितपुर ।

पूज्य भिक्षुणी धम्मवतीलाई उहाँले बौद्ध धर्म दर्शनको क्षेत्रमा पुऱ्याउँदै आउनुभएको अविस्मरणिय योगदानको कदर गर्दै वि.सं. २०७१ पौष १९ गते शनिवारका दिन चेतकी प्रज्ञा सम्मान-बौद्ध धर्म दर्शन पुरस्कार तथा सम्मान-पत्र प्रदान गरिएको छ ।

उक्त पुरस्कार तथा सम्मान-पत्र उहाँलाई चेतकी राज्य लक्ष्मी कार्की स्मृति विज्ञान तथा प्रविधि प्रतिष्ठान-२०५८ (CheSTeF) ललितपुरबाट प्रदान गरिएको थियो ।

चेतकी प्रज्ञा सम्मान (पुरस्कार) वि.सं. २०६९ सालमा दिवंगत सुश्री चेतकी राज्य लक्ष्मी कार्कीको चीर स्मृतिमा चाकुपाट, ललितपुर निवासी युवराजसिंह कार्की, जुलुम कार्की तथा उत्तम राजसिंह कार्कीद्वारा स्थापना गरिएको थियो ।

यस पुरस्कार नेपाली इतिहास, सँस्कृति, सनातन वैदिक हिन्दूधर्म दर्शन, बौद्ध धर्म दर्शन तथा भाषाको क्षेत्रमा नेपाल वा नेपाल बाहिर बसी उल्लेखनिय योगदान दिनुहुने व्यक्ति, संस्था वा ग्रन्थलाई सम्मान गर्ने उद्देश्य लिई स्थापना गरिएको थियो ।

भिक्षुणी धम्मवतीलाई प्रदान गरिएको सम्मान पत्रमा उल्लेखित व्यहोरा यसरी रहेको छ –

**चेतकी राज्यलक्ष्मी कार्की स्मृति विज्ञान तथा प्रविधि प्रतिष्ठान-२०५८**

(CheSTeF), लालितपुर, नेपाल ।

**चेतकी प्रज्ञा सम्मान-बौद्ध धर्म दर्शन लातिपुर, नेपाल विक्रम संवत २०६८**

**सम्मान-पत्र**

शासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित, श्रद्धेया भिक्षुणी गुरुमां श्री धम्मवती शाक्यज्यू, श्रीघः नःघल टोल, धर्मकीर्ति विहार, काठमाडौं, नेपाल ।

नेपाली इतिहास, सँस्कृति, धर्म, दर्शन तथा भाषाको क्षेत्रमा नेपाल भित्र वा नेपाल बाहिर रही उल्लेखनिय योगदान दिने व्यक्ति, संस्था वा प्रकाशित ग्रन्थलाई प्रत्येक वर्ष सम्मान गर्ने गरी ललितपुर निवासी युवराजसिंह कार्की, श्रीमती जुलुम कार्की तथा उत्तिमराजसिंह कार्कीबाट चिरस्मरणिय सुश्री चेतकी राज्यलक्ष्मी कार्कीको स्मृतिमा चेस्टेफ मार्फत वि.सं. २०६९ मा स्थापित चेतकी प्रज्ञा सम्मान अन्तर्गत बौद्ध धर्म दर्शन तर्फको चेतकी प्रज्ञा सम्मान बौद्ध धर्म दर्शन (पुरस्कार) विगत ६६ वर्ष देखि अविछिन्न रुपले बौद्ध धर्म दर्शनको क्षेत्रमा अध्ययन, अनुसन्धान, लेखन, प्रकाशन एवं लोक कल्याणकारी कार्य गर्दै आउनु भएकी थेरवाद बौद्ध धर्म दर्शनकी आदर्श वादी अग्रणी स्वाबलम्वी एवं गहकिला विषयकी लेखिका, विदेश सम्म पुगी शिक्षा र धर्मको क्षेत्रमा ठूलो सफलता प्राप्त गर्नुभएकी त्यागी, ज्ञानी, ध्यानी, एवं निस्वार्थ भावनाले समाजसेवामा सधैं समर्पित व्यक्तित्व, धर्मदेशना दिन सक्षम, दर्जनौं बौद्ध विहार, धर्मशाला, बृद्धाश्रम आदिको निर्माण एवं सञ्चालन गर्दै आउनु भएकी नेपालीका तारा तपाईं सम्मानित भिक्षुणी गुरुमां श्री धम्मवती शाक्यज्यूलाई यहाँको अद्वितीय योगदानका लागि वि.स. २०७१ को सम्मान समर्पण गर्न पाउँदा प्रतिष्ठान आफूलाई गौरवान्वित अनुभव गरिरहेको छ ।

यहाँको सत्कार्य समस्त मानव जातिका लागि अनुकरणिय उदाहरण बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दै गुरुमांको सु-स्वास्थय सुख-समृद्धि तथा दीर्घायुका लागि सभक्ति प्रार्थना गर्दछौं ।

विक्रम संवत् २०७१ पुष १९ गते रोज ७ शुभम्

| प्रमुख अतिथि | संरक्षिक | संयोजक | महासचिव | अध्यक्ष |
|---|---|---|---|---|
| **गंगा प्रसाद उप्रेती** (कुलपति ने.प्र.प्र.) | **जुलुम कार्की** | **चेतन कार्की** | **युवराज सिंह कार्की** | **(प्रा. विद्याधर शर्मा भट्टराई)** |



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

# अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न



*अल्पकालिन प्रव्रज्या कार्यक्रममा सहभागी श्रामणेर एवं ऋषिणी बालबालिकाहरू ध्यान भावना गर्दै*

*२०७१ पौष १५-२१ सम्म*

*स्थान- रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग स्वयम्भू*

धर्मकीर्ति बौद्ध अध्यन गोष्ठीद्वारा वर्षेनी सञ्चालन गर्दै आएको अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम मध्ये यसपाली चौधौं पटकको कार्यक्रम रत्न विपश्यना विहार सानो भऱ्याङ्गमा सम्पन्न भएको समाचार छ। प्राप्त समाचार अनुसार १० वर्ष देखि १५ वर्ष सम्मका जम्मा २० जना बाल बालिकाहरूले नवाङ्ग शील पालन गरी भाग लिएको उक्त कार्यक्रममा ९ जना बालकहरू श्रामणेर प्रव्रजित भएका थिए भने ११ जना बालिकाहरू ऋषिणी प्रव्रजित भएका थिए।

**कार्यक्रमको शुरुबाट :**

पौष १५ गते दिउँसो रत्न विपश्यना विहारको धम्महलमा सयादो उ सुजनपियको सभापतित्वमा भिक्षु धर्ममूर्ति महास्थविरको प्रमुख आतिथ्यमा संचालित एक कार्यक्रमका संयोजिका अमीर कुमारी शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यस्तै नै अर्की संयोजिका इन्दावती गुरुमाले कार्यक्रमको झलक प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा भिक्षु धर्ममूर्तिले ९ जना बालबालिकाहरूलाई शील प्रार्थना गराउनुभई श्रामणेर प्रव्रज्या गराउनु भएको थियो । अन्त्यमा उहाँले नै धर्मदेशना गर्नु भई सभा विसर्जन गर्नु भएको थियो । यसदिनको कार्यक्रम उष्णीषतारा तुलाधरले संचालन गर्नुभएको थियो ।

*पौष १५ गते देखि २१ गते सम्म संचालित उक्त कार्यक्रमको संक्षिप्त विवरण यसरी रहेको थियो ।*

| क्र.सं. | पौष(५-२१) | प्रवचक | विषय | प्रशिक्षक | विषय |
|---|---|---|---|---|---|
| १ | १५ गते | भि. धर्ममूर्ति | प्रव्रज्या | सयादो ऊ सुजनपिय<br>निर्मलत्राणी गुरुमां | ध्यानभावना |
| | | | | इन्द्रावती गुरुमा | शील |



Downloaded from http://www.dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १६ गते | भि. बोधिज्ञान<br>सयादो उ सुजनपिय<br>निर्मलञाणी | श्रामणेर विनय<br>ध्यान भावना | मदनरत्न मानन्धर<br>तीखाञाणी गुरुमां<br>कुशलञाणी गुरुमां<br>अनुपा श्रेष्ठ | मंगल सूत्र<br>चँक्रमण<br>"<br>उद्घोषण तालिम |
| ३ | १७ गते | इन्दावती गुरुमां<br>सयादो उ सुजनपिय<br>निर्मणञाणी गुरुमां | दशपारमिता<br>जातक | मदनरत्न मानन्धर<br>इन्दावती गुरुमां<br>तीखाञाणी<br>कुशलञाणी | मंगल सूत्र<br>"<br>बुद्ध पूजा विधि<br>" |
| ४ | १८ गते | उत्तम भन्ते | चित्रकला | मदनरत्न मानन्धर<br>रीना तुलाधर<br>दीना कंसाकार | मंगल सूत्र<br>सप्तरत्न धन<br>बुद्धपूजा विधि |
| ५ | १९ गते | वीर्यवती गुरुमां<br>सयादो उ सुजनपिय<br>निर्मल ञाणी गुरुमां | माता पिताको गुण<br>ध्यान भावना | लक्ष्मी शाक्य<br>उष्णीषतारा तुलाधर<br>मदनरत्न मानन्धर | भूकम्पबाट बच्ने शिक्षा<br>दश अकुशल<br>मंगल सूत्र |
| ६ | २० गते | कुसुम गुरुमां | बुद्ध जीवनी | उर्मिला ताम्राकर<br>इन्द्रकुमार नकर्मी<br>उर्मिला ताम्राकार | आ. भूत बुद्ध शिक्षा<br>शुरु शुरु न्ह्यसः<br>खुरु खुरु लिसः |
| ७ | २१ गते | सयादो उ. सुजनपिय | ओवादोपदेश | प्रेमहिरा तुलाधर<br>निर्मलञाणी | प्रव्रज्या |

**समापन कार्यक्रम :**

पौष २१ गते सयादो उ. सुजनपियको सभापतित्वमा एवं निर्मलञाणी गुरुमांको प्रमुख आतिथित्वमा संचालित प्रव्रज्या शिविर समापन कार्यक्रममा ऋषिणी जिया शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । श्रामणेर अक्षोभ्य र सक्षमले संचालन गर्नु भएको उक्त कार्यक्रममा ऋषिणीहरू रेफिजा शाक्य, अलोयना शाक्य र जिया शाक्यले स्वागत गान प्रस्तुत गर्नु भएका थिए ।

**चित्रकला प्रतियोगिताको नतिजा :**

यस साप्ताहिक कार्यक्रममा संचालित चित्रकला प्रतियोगिताको परिणाम यसरी रहेको थियो ।

ऋषिणी रिस्तिका शाक्य – प्रथम
श्रामणेण उत्कर्ष अधिकारी – द्वितीय
ऋषिणी रिस्तिना शाक्य – तृतीय
ऋषिणी रेफिजा शाकय – सान्त्वना

**रत्न विपश्यना विहारलाई धर्मउपहार :**

रन्त विपश्यना विहारले प्रव्रज्या कार्यक्रम सञ्चालनको लागि स्थान उपलब्ध गराइदिनु भएको कारणले यस कार्यक्रम सफलता पूर्वक संचालन गर्न पाएको फलस्वरुप कृतज्ञता ज्ञापन गर्नुहुँदै इन्दावती गुरुमांले रन्त विपश्यना विहारलाई धर्म उपहार चढाउनु भएको थियो ।

यसरी नै अमीर कुमारी शाक्यले कार्यक्रममा सहभागी सबै बालबालिकाहरूलाई पञ्चशीलको अर्थ सहितको चिनो प्रदान गर्नु भएको थियो ।

यस कार्यक्रममा दुर्लभ श्रामणेर प्रव्रजित हुने बालकहरू यसरी थिए–

१) श्रीजल महर्जन २) विदित मान तुलाधर
३) सुजल डंगोल ४) अक्षोभ्य वीर ताम्राकार
५) सक्षम स्थापित ६) उत्कर्ष अधिकारी
७) आभाष मान डंगोल ८) गौरब शाक्य
९) विशाल वज्राचार्य

**दुर्लभ ऋषिणी प्रव्रजित हुने बालिकाहरू :**

१) युनिस्का स्थापित २) रेफिजा शाक्य



Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| ३) पलिसा शाक्य | ४) मृणाल श्रेष्ठ |
| ५) रिस्तिका शाक्य | ६) रिस्तिना शाक्य |
| ७) प्रसन्ना शाक्य | ८) प्रतिमा डंगोल |
| ९) जिया शाक्य | १०) अलोयना शाक्य |
| ११) मिजला श्रेष्ठ | |

**यस कार्यक्रममा सहयोग गर्ने सहयोगीहरूको नामावली :**
*संयोजिका–* इन्दावती गुरुमां र अमीर कुमारी शाक्य ।
*संयोजिका सहयोगीहरू–* उर्मीला ताम्राकार, सुमीत्रा तुलाधर, मीनशोभा शाक्य, रमाशोभा कंसाकार र सुनिता तुलाधर ।
*स्वयम् सेवक सेविकाहरू–* रामकुमारी मानन्धर, नानी केशरी बज्राचार्य, ऐश्वर्य ताम्राकार, केशरी शाक्य, ध्रुब स्थापित, सञ्जय महर्जन, इन्द्र कुमार नकर्मी लगायत धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सम्पूर्ण सदस्यहरू र रन्त विपश्यना विहारका परिवारका सबै सदस्यहरू ।

## नेपाल मगर संघ केन्द्रीय समितिले पञ्चशील प्रार्थना गरी माघेसंक्रान्ती मनाइयो

*प्रस्तुती- भिक्षु गौत्तम शिशिर, श्रीघः विहार*

नेपाल मगर संघ केन्द्रिय समितिले मिति २०७१ साल माघ १ गते पञ्चशील प्रार्थना गरी माघे संक्रान्ति राष्ट्रिय पर्वको रुपमा मनाएको छ । खास गरी मगर समाजले यस चाडलाई वाली लगाउने सुरूवातको रुपमा मनाउने गर्छन ।

यसपाली प्रधानमन्त्री सुशील कोइरालाको प्रमुख अतिथित्वमा काठमाडौंको खुला मञ्चमा मनाइएको यस चाडमा नेपाल मगर बौद्ध सेवा समाजका केन्द्रिय अध्यक्ष क्याप्टेन देव बहादुर राना मगर तथा उपाध्यक्ष वि.वि. रखाल मगरको प्रयासमा पञ्चशील प्रार्थना गरी कार्यक्रम थालनी गरिएको थियो ।

बुद्धम् शरणं गच्छामी, धम्मं शरणं गच्छामी, सघं शरणं गच्छामी

वचन प्रार्थना गर्दै त्रिशरण गई पञ्चशील प्रार्थना गरे जस्तै यसलाई आफ्नो जीवन पर्यन्त पालन गर्दै लान सक्यौं भने हामी साँचो अर्थमा बुद्ध शिक्षा पालन गरी शिक्षित र धार्मिक बन्नेछौं । बुद्ध शिक्षाले प्रार्थना र भक्तिभावलाई मात्र मान्यता दिंदैन धर्मलाई आफ्नो दैनिक जीवनमा प्रयोग र अभ्यास गर्ने कार्यलाई मान्यता दिन्छ । त्यसैले माघे संक्रान्तीमा प्रार्थना गरिएको पञ्चशीललाई पालन गर्दै तल उल्लेखित नियमलाई जीवनमा उतार्न सकौं ।

१) आफ्नो स्वार्थ पूर्तिको लागि अरूको शरीरमा घात हुने कार्य नगरौं ।
२) अरूको अधिकारमा रहेको कुनै पनि चीज वा वस्तु उनीहरूको अनुमति विना सुटुक्क चोरेर नलिऔं ।
३) वैवाहिक जीवनमा बाँधिएका कुनै पनि स्त्री र पुरुषले आफ्ना जीवन साथी बाहेक अरूलाई लोभि नजरले हेरी व्यवहार नगरौं ।
४) आफ्नो बचनले अरूको शरीर, धन, मन र यश कीर्तिमा हानी पुग्ने कुरा नगरौं ।
५) आफ्नो शरीर र मनलाई वेहोस पार्ने कुनै पनि चीज बस्तु नपिऔं र नखाऔं ।

## उदाय समाजया पाखें संघदान

*२०७१ पौष २६ गते शनिवाः*
*नयाँ बजार मल्टी भेन्यू, नयाँ बजार ।*

थुखुन्हु उदाय् समाज पाखें स्वनिगलय् च्वना बिज्याःपिं सकल भन्ते गुरुमां पिन्त भोन दान वा बस्तुदान यानाः संघदानया ज्याभ्वः क्वचायकूगु दु ।

सकल नेपाःमिपिनिगु सुख, शान्ति, आयु आरोग्य कामना यासे उदाय समाजं ग्वसाः ग्वःगु थुगु ज्याभ्वः प्रेमहेरा तुलाधरं न्ह्याकादीगु खः । अथेहें थुगु ज्याभ्वःले उदाय समाजया नायो डा. रुपज्योति कंसाः नं लसकुस न्वचू वियादीगु खःसा अमृतमान तुलाधरं सुभाय् न्वचू बियादीगु खः ।

अखिल नेपाल भिक्षु महासंघया संघ महानायक भिक्षु अश्वघोष महास्थविर व माधवी गुरुमां सहित ज्येष्ठ भन्ते गुरुमांपिं उपस्थित जुयाबिज्याःगु थुगु ज्याभ्वःलय् भिक्षु महासंघया महासचिव भिक्षु कौण्डन्यं धर्मदेशनाया भ्वलय् बुद्ध धर्म चिरस्थायी याय्गु ख्यलय् राणाकालिन इलं निसें उदाय समाजया दुजःपिनि पाखें थुकथं योगदान ब्यूगु दु धयागु ऐतिहासिक महत्वं जाःगु खंत न्ह्यवया बिज्यात ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ भगवान्ले सारिपुत्रको भाञ्जा **दिर्घनख** परिब्राजकलाई उपदेश दिइराखेको सुनेर बुद्धलाई पछाडिबाट पंखा हम्काइराख्ने सारिपुत्र अर्हत् भएका थिए ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

## नरः बुद्ध विहार, हाँडिगाउँमा बुद्ध पूजा र धर्म देशना

*२०७१ साल मार्ग ६ गते शनिवार*

*प्रस्तोता- श्यामलाल चित्रकार*

विश्व शान्ति विहारका श्रद्धेय श्रामणेर अभय भन्तेले शील प्रार्थना गराउनु भई बुद्ध पूजा पछि पुब्बण्ह सूत्रको एउटा गाथा उल्लेख गर्नु हुँदै धर्म देशना गर्नु भएको थियो । उक्त गाथा यस प्रकार छ ।

**दानं ददन्तु सद्धाय, शीलं रक्खन्तु सब्बदा ।**
**भावना भिरता होन्तु, गच्छन्तु देवता गता ॥**

अर्थः श्रद्धा पूर्वक दान गरोस् सर्वदा शील पालन गरोस् भावनारत होस् र धर्म श्रवणार्थ आउनु भएका देवताहरू आ-आफ्नो स्थानमा जानुहोस् ।

कोहि व्यक्ति धार्मिक हुनलाई दान, शील र भावनाको आचरणले युक्त हुनु पर्दछ । दान दिंदा भय र लाभको आशाले नभई श्रद्धा अथवा प्रशन्न चित्तले दान दिनु पर्दछ । शील आचरण नभई ध्यान भावनाले मात्र व्यक्ति प्रशंसनीय हुँदैन भन्ने कुरालाई प्रष्ट्याउन एउटी चिनिया महिलाको कथा भन्नु हुँदै भन्तेले धर्म देशना गर्नु भएको थियो । उक्त महिला दिनदिनै धम्महलमा ३/३ घण्टा ॐ मणी पद्मे हुँ जप गरी बस्छे । तर उनीको शील आचरण राम्रो थिएन । एक दिन उनीको साथीले ती महिलालाई सम्भाउने उद्देश्यले उनी जप गरी रहेको बेला हल बाहिर उनीलाई बोलाई रहे । जप गरी रहेको बेला डिष्टर्ब गऱ्यो भन्दै रिसाउँदै बाहिर आए । साथीले उनको रिसाउने बानी औल्याउँदा लाजले पछि रिसाउने बानी त्यागिन् ।

*२०७१ साल पौष ५ गते शनिवार*

प्रणिधिपूर्ण विहार, बलम्बुका श्रद्धेय भिक्षु सुखले शील प्रार्थना गराउनु भई बुद्ध पूजा पछि धर्म देशना गर्नु भयो ।

धर्म देशना गर्ने क्रममा उहाँ भन्तेले आध्यात्मिक उन्नतिको बाधक तृष्णालाई हटाउन दान दिने बानी बसाउनु पर्दछ । चतु प्रत्यय इत्यादि महाकुशल दानहरू मध्ये चर्पी बनाई दान दिनु उत्तम दान हो । २६०० वर्ष पहिलेको उपदेश अहिले सम्म पनि पुरा भएको छैन । खुला दिशा मुक्त क्षेत्र बनाउने प्रयास भईनै रहेको छ । कुशल कार्य गर्न सब भन्दा पहिले सप्त आर्य धन मध्ये पहिलो श्रद्धा गुण आवश्यक पर्दछ । तृष्णाको कारणले सात सात पटक भिक्षु हुने अन्तिम पटकमा कोदाली प्रतिको तृष्णालाई हटाइ अर्हत भएको कोदाले पण्डितको कथा र भगवान् बुद्धले कशी भारद्वाजलाई कसरी सहि बाटोमा ल्याए भन्ने विषयमा पनि श्रद्धेय भन्तेले धर्म देशना गर्नु भएको थियो ।

उपरोक्त दुवै कार्यक्रमहरूमा उपासक श्री श्यामलाल चित्रकारले भन्तेहरूलाई स्वागत र कृतज्ञता गर्नु भएको थियो ।

## अंगुत्तर निकायको दुक निपात

*२०७१ मार्ग २७ गते, शनिवार*

*प्रवक्ता- मदनरत्न मानन्धर*

*प्रस्तुती- राजभाइ तुलाधर*

अंगुत्तर निकायको दुक निपातको तीन वटा पण्णासक मध्य दुतीय पण्णासकको बालवग्ग (मूर्खवर्ग) मा सूत्र नं. ९९ देखि सूत्र नं ११८ सम्म जम्मा २० वटा सूत्रहरू छन् । ती सूत्रहरूमा उल्लेखित धर्मदेशनाहरूको व्याख्या गर्नुभन्दा पहिले सुत्तपिटकको बाल-पण्डित सूत्रमा भगवानले बाल (मूर्ख) भनेर कसरी जान्न सकिन्छ भनेर भन्नु भएको कुरालाई संम्भनु उचित हुनेछ ।

भगवान्ले भन्नु भएको छ "**द्वे अनत्थे लान्ती ति बाला**" । दुईटै फल प्राप्तिलाई काट्न सक्ने रहेछ, त्यसैले बाल भनेर भनिन्छ । एउटा फल बालले यशकीर्ति प्राप्त गरेर बस्न सक्तैन । त्यस्तै अर्को फल सुगतिबाट पनि टाढीन्छन् ।

अर्को कथन छ "**द्वे अनत्थे लान्ती ति बाला**" दुईटा अनर्थलाई लिन जान्ने हुन्छ, त्यसैले बाल भनेर भनिन्छ । एउटा अनर्थ निन्दा प्राप्ति हो भने अर्को अनर्थ हो दुर्गतिमा पतन ।

बालको अर्को दुर्गुणमा भनीएको छ "बलन्तीति बाला' । प्रज्ञाहीन भइ सास मात्रै फेर्ने भएर बाँचीराखेका हुन्छन् , त्यसैले उनीहरूलाई बाल भनेर भनिन्छन् ।
बालको प्रष्ट देखिने लक्षणहरू तीनवटा छन्:
१) चिन्ता गर्नु नपर्ने कुराहरूमा चिन्ता गरीरहन्छ ।
२) दुर्वचन बोल्छ । ३) दुष्कर्म गर्छ ।

भगवानले भन्नु भएको छ यदि कसैले यो तीनवटै गर्दैन भने उसलाई मूर्ख भनेर कसरी चिन्ने ।

## धर्मदेशना सम्पन्न

*२०७१ पौष २६ गते शनिबार ।*

*थपाबही, थपाहिती, पाटन ।*

यसदिन युवक बौद्ध मण्डल (YMBA) मिसापुचः र थैना मिसा पुचःको संयुक्त आयोजनामा बुद्ध शिक्षामा



Downloaded from http://www.dhamma.digital

आधारित धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको थियो । हरेक महिनाको अन्तिम शनिबार संचालन गरिने यस धर्मदेशना कार्यक्रमलाई युवक बौद्ध मण्डल मिसा पुचःले निरन्तरता प्रदान गर्दै आइरहन सक्नुलाई धर्मप्रचार क्षेत्रमा उक्त समूहको सक्रिय एवं मेहनतपूर्ण कार्य मान्न सकिन्छ ।

अनिता वज्राचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा थैना मिसा पुचःका उपाध्यक्ष रश्मी शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । यसरी नै युवक बौद्ध मण्डलका उपाध्यक्ष राजेश शाक्यले पनि मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम थैना मिसा पुचःका अध्यक्ष विपना शाक्यको सभापतित्त्वमा संचालन गरिएको थियो ।

वीर्यवती गुरूमांको प्रमुख अतिथित्त्व एवं अमता गुरूमांको अतिथित्त्वमा संचालित उक्त कार्यक्रममा थपा वहीका वरिष्ठ जेष्ठ महिलाहरू पञ्चमाया शाक्य र हर्षमाया शाक्यलाई सम्मान गरी उपहार प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा वीर्यवती गुरूमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने युवक बौद्ध मण्डल महिला समूहका संयोजक अरणीतारा वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने । यसरी नै थैना मिसा पुचःका अध्यक्ष विपना शाक्यले सभा विसर्जन गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि वीर्यवती गुरूमांले “जीवितं व्याधि कालोच देहनिक्खेपन गति” विषयमा विश्लेशण गर्दै भन्नुभयो–

संसारमा जन्मेका मानिसहरू आफू कतिवर्ष बाँच्न पाउने हो, कुन रोग लागी मरिने हो, कुन समयमा मरिने हो कुन स्थानमा मरिने हो, र मरेर यस चित्तले कुन गतिमा जन्मलिने हो, यी ५ विषयहरू बारे अन्जान रहन्छन् । अनित्य, दुःख र अनात्म (त्रिलक्षणस्वभाव) स्वभाव सहितको यस संसारलाई मनको भित्री सतह देखीबाट हामीले अनुभव गर्न सक्ने गरी मरणानुस्मृति ध्यानको अभ्यास गर्न सके यसले हामीलाई मनोबल शक्ति प्रदान गर्नेछ। यही मनोवलशक्तिले हामीलाई आध्यात्मिक सुख प्रदान गर्ने छ ।

## आनन्दभूवन विहारको गतिविधि

आनन्द भूवन विहारमा सञ्चालित “बुद्ध धर्मका” आधारभूत कक्षा बाह्रौं समूह” को समापन समारोह सञ्चालन गरिएको समाचार छ। प्राप्त समाचार अनुसार उक्त कार्यक्रम शील प्रार्थना र त्रिरत्न गुण स्मरण गरी शुभारम्भ गरिएको थियो ।

कार्यक्रमका संयोजक रविन्द्र रत्न तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने प्रशिक्षार्थीहरूको तर्फबाट ६५ वर्षिय कमल रत्न तुलाधरले आफ्नो अनुभव व्यक्त गर्नु भएको थियो ।

अनुभव व्यक्त गर्ने क्रममा उहाँले ४० वर्षसम्म अध्यापन पेशामा विताई सकेपछि वुढेसकालमा बुद्ध शिक्षा सिक्ने मौका प्राप्त भइरहेको देखी त्यत्रो वर्ष पहिला यस अमूल्य शिक्षा सिक्ने मौका किन प्राप्त भएन भनी खेद प्रकट गर्नु भएको थियो । यसरी नै उसैले यस अमूल्य शिक्षालाई घरको दैलो दैलोमा पुऱ्याउनु आवश्यक भएको मनसाय व्यक्त गर्नुहुँदै विहारमा पनि पुस्तकालयको व्यवस्था भए थप अध्ययनको लागि अन्यत्र जान नपर्ने विचार व्यक्त गर्नु भयो ।

मन्तव्य व्यक्त गर्ने क्रममा वर्षा शाक्य, बसु शाक्यले पनि यस आधारभूत कक्षाको महत्त्व व्यक्त गर्नुभएका थिए ।

१८ वर्ष देखि ६५ वर्ष सम्मका विद्यार्थीहरू सम्मिलित उक्त कक्षामा प्रशिक्षकको रूपमा रहनु भएका गौतमवीर वज्राचार्यले बुद्ध शिक्षा मनको औषधि भएको विचार व्यक्त गर्नु भयो ।

आनन्द भूवन विहारका का.वा.अध्यक्ष श्रद्धेय समित भन्तेले आफ्नो जीवन बलम्बुविहार बाट श्रीलंका, श्रीलंकावाट ताइवान र पुनः श्रीलंका पुगी १० वर्ष थेरवाद बुद्ध शिक्षा अध्ययन गरेको विषयमा आफ्नो अनुभव बताउनु हुँदै हामी जहिले पनि व्यस्त रहन्छौं बाँच्नको लागि काम गरेर कमाउनु पर्छ तर धर्म विना बाँच्नु भनेको मरेर बाँच्नु सरह हुन्छ । त्यसैले धर्मलाई साथै अंगालेर आफ्नो जीवन सार्थक बनाउनु राम्रो हुनेछ भन्नुभयो ।

कार्यक्रममा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र र धम्मपद पुस्तक वितरण गरिएको थियो भने प्रशिक्षकहरूलाई खादा ओढाई मायाको चीनो प्रदान गरी भिक्षु समितले सम्मान गर्नुभएको थियो ।

अन्त्यमा बुद्ध शिक्षा जागरण समितिका उपाध्यक्ष श्री विद्या सागर तुलाधरले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै मानिसहरू बुद्धिमान र विवेकशील बनी शुद्ध धर्मको अनुकरण गर्नुपर्ने विषयमा जोड दिनुहुँदै कार्यक्रम



Downloaded from http://www.dhamma.digital

संचालनको लागि सहयोग पुऱ्याउनु हुन सबैलाई साधुवाद व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम जागरण समितिका महासचिव विजयरत्न तुलाधरले सञ्चालन गर्नु भएको थियो ।

## अकालमा परेका प्राणीहरूका लागि मौनव्रत

*प्रस्तोता- समत्यान छ्योस्लिङ गोम्पा, दोलखा*

२०७१ असोज १५ गते देखि १७ गतेसम्म समत्यान छ्योस्लिङ गोम्पा श्यामा-४, दोलखामा चाड पर्वोत्सवको नाममा अकालमा ज्यान गुमाउनु परेका प्राणीहरूका उद्धारार्थ मौनव्रत Nyungnya आयोजना गरेको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार Nyung भनेको अस्वास्थ्य र Nya को अर्थ बस्नु हो अर्थात् अस्वास्थ्य समान भई पालन गर्नुपर्ने मौनव्रत ।

यो उत्तरी हिमाली क्षेत्रतिरको समाजमा पूर्वकालदेखि अविच्छिन्न रुपमा मनाउँदै आइरहेका धार्मिक पर्वोत्सव हो तापनि हिजोआज देश भरिको गोम्पाहरूमा यो परम्परा लोकप्रिय पर्वोत्सवको रुपमा मनाइरहेको देखिन्छ । खासगरी उत्तरी हिमालीक्षेत्रतिर बुद्धजयन्तीको उपलक्ष्यमा यो पर्व मनाइन्छ । बुद्ध पूर्णिमाको परेवा देखि आरम्भ गरेर बुद्ध जयन्तीको भोलिपल्ट कृष्ण पक्षीय परेवासम्म १६ दिन शील पालन गरिन्छ । यो १६ दिने शील पालन गर्ने परम्परालाई ञ्युङ्न्या कर्पो क्षाग्याद् अर्थात् आठ युगल शुक्ल पक्षीय व्रत भनिन्छ । बुद्ध पूर्णिमाको शुक्ल पक्षीय तिथिमा पर्ने पर्वोत्सव भएको हुनाले त्यसो भनेको हो । दुईदिन शील लिएर व्रत बसे पछि एक युगल व्रतपूरा भएको मानिन्छ ।

१६ दिने शील व्रतको पहिलो दिनमा विहान ५ बजे शील लिएर करुणामय अवलोकितेश्वरको पूजा आराधना दुईपटक पूरागरेपछि मध्यान्ह १२ बजे भित्र शुद्ध शाकाहारी (भोजन) गर्ने र अर्को दिन निराहार भई बोल्ने पनि नगरी अवाक्य भई शील पालन गर्नुपर्दछ। तर विहान शील लिएर पूजा आराधना र ढोक अर्पण गर्ने विधि अघिल्लो दिनमा गरेजस्तै गर्नुपर्छ ।

पहिले भिक्षुणी लक्ष्मीकराले एकदिन शाकाहार अर्को दिन निराहार भई करुणामयको जप साधना गर्दै १३ वर्षसम्म Nyungnya व्रत पालन गरेको हुनाले शरीरमा लागेको कुष्ठरोग निको हुनाकासाथै करुणामय लोकेश्वरको दर्शन पाएर सिद्धि लाभ भएको वृत्तान्त पाइन्छ। त्यसको प्रभावले हिजो आज श्रद्धालु भक्तजनहरू ञ्युङन्या व्रतमा बस्दा लामो समयसम्म अस्वास्थ्य भई औषधि उपचार नलागेका विमारीहरू स्वास्थ्यलाभ भएको कुरा धेरै सुन्न पाइन्छ ।

हिजोआज आठ युगल ञ्युङन्या व्रतको आयोजना गर्ने दाता र व्रत बस्ने श्रद्धालुहरू अलिक कम भए पनि दशैंको अवसरमा एक युगल चाहिँ प्रायःजसो सबै गोम्पामा ञ्युङ्न्या व्रतको व्यवस्था गरी देवदेवी र पर्वोत्सवको नाममा अकालमा ज्यान गुमाउनु परेका पशुपंक्षी सबैले सुगति प्राप्त गरुन् भनी कामना गर्ने गरेको पाइन्छ । यही उद्देश्यबाट ओतप्रोत भई समत्यान छ्योस्लिङ गोम्पा श्यामा ४ ले पनि उपासक दाताहरूका सहयोग लिएर दशैंको अवसरमा ञ्युङन्या व्रतको आयोजना गरेर देवदेवीको र चाडपर्वको नाममा निरिह पशु पंक्षीको गर्धन रेटेर इच्छा पूरा गर्न चाहने अन्ध-विश्वासीहरूको संख्या कम पार्ने पहल गरिरहेका छौं ।

यो व्रतमा षाष्टांग ढोक गर्दै शरीरको माध्यमबाट गरेको ३ अकुशलमूल, मौन धारणगरी वाकको माध्यमबाट गरेको ४ अकुशल मूल र मनमनमा एकाग्रचित्त भई मनको माध्यमबाट गरेको ३ अकुशल मूल काट्ने प्रयास गरिन्छ ।

## वज्रयानी वहाःबही पूजा

नेपालको बज्रयान बौद्ध धर्मको केन्द्रको रुपमा चिनिदै आएको काठमाडौंको बहाः बहिमा प्रत्येक महिनाको अन्तिम शनिवार संचालन गरिदैं आइरहेको "वहाःबहि पूजा" को क्रममा दश शाक्य महाविहार मध्येको कामपा वडा-२८, नःघःटोलस्थित श्री रत्नमण्डल महाविहार, नःघः वहामा गएको शनिवार उक्त "बहाःबहि पूजा" सम्पन्न भएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा नाम संगिति स्त्रोत्र पाठ गरि शुरु गरिएको थियो । स्त्रोत्र पाठ पछि क्वपाद्यो (बुद्ध) को पुजा, बौद्ध प्रार्थना, षडक्षरी मन्त्र ध्यान , धारणीपाठ पछि प्रा.डा. नरेशमान वज्राचार्यबाट धर्मदेशना गर्नुभयो भने श्री रत्नमण्डल महाविहार सर्व संघका अध्यक्ष अमीरमान शाक्यबाट विहारको गतिविधि बारे बताउँदै विहार पुन निर्माणको कार्य भैरहेकोमा हाल पुननिर्माणको कार्य लगभग पूर्ण भएको कुरा बताउनु हुँदै हामीले आफ्नो विहारहरूको संरक्षण आफैले गर्नुपर्ने कुरा बताउनु भयो। यस्तै सिद्धिरत्न शाक्य भिक्षुले विहारको ईतिहासबारे बताउनुभयो । सचिव रोशनबहादुर शाक्यबाट संचालन गरेको उक्त कार्यक्रममा विभिन्न वहाबहिका थायपा, थकालीहरूलाई दानप्रदान पनि गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म :*
बि.सं. १९७९ माघ १४ गते,
शुक्ल पक्ष दशमी

*दिवंगत :*
बि.सं. २०७१
पौष २९ गते गते, मंगलवार

# दिवंगत चिनियालक्ष्मी तुलाधर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **चिनियालक्ष्मी तुलाधर** ९२ वर्षको उमेरमा दिवंगत हुनुभयो। बुद्ध शिक्षा प्रति दृढ श्रद्धालु उपासिका चिनिया लक्ष्मीका परिवारले यस दुःखद घडीमा बुद्धले पत्ता लगाउनु भएको प्राकृतिक नियम अनित्य, दुःख र अनात्म (त्रिलक्षण स्वभाव)लाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दछौं। साथै दिवंगत उपासिकाको सुगति र निर्वाण कामना गर्दै पुण्यानुमोदन गर्दछौं।

**धर्मकीर्ति पत्रिका, धर्मकीर्ति विहार**
श्रीघः नघः टोल, काठमाडौं, नेपाल।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*बुदिं :*
बि.सं. १९९१
मंसिर ५ गते, तृतीया

*मदुगु दिं :*
बि.सं. २०७०
माघ २८ गते, द्वादसी

# दिवंगत देवरत्न स्थापित

हने बहःम्ह जिमि दाजु **देवरत्न स्थापित** वंगु वि.सं. २०७० माघ २८ द्वादसी खुन्हु ७९ दँया वैशय् आकाभ्काकां दिवंगत जुयादिल। दिवंगत दाई मदुगु दकिलाया पुण्य तिथिसं वय्कःयात याकनहे सुगति व निर्वाणया हेतु चूलायमा धकाः मैत्री पूर्वक पुण्यानुमोदन यानाच्वना।

*किजा :* **काजीरत्न स्थापित,** *क्येहें :* **लक्ष्मीहेरा स्थापित**
व
**छ्यँया सकल दुजःपिं।**



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म:*
बि.सं. १९७९
माघ १४ गते, शुक्ल पक्ष
दशमी

*दिवंगत:*
बि.सं. २०७१
पौष २९ गते, मंगलवार

# दिवंगत चिनियालक्ष्मी तुलाधर

अनन्त गुणं जाःम्ह जिमि ममतामयी माँ चिनियालक्ष्मी तुलाधर (धर्मकीर्ति पत्रिकाया विशेष सदस्य) वि.सं २०७१ पौष २९ गते आकाभ्काकां दिवंगत जुयादिल ।

थुगु दुखद् घडी शोकाकूल परिवारपिं जिमित धैर्य धारण याय्त तिवः बियादीपिं व समवेदना व्यक्त यानाः विचाः हाय्कादीपिं सकल हितैषी थःथिति पासापिं व इष्टमित्रपिन्त सुभाय् व साधुवाद देछाना च्वना ।

दिवंगत जुयादिम्ह जिमि मांया सुगति व निर्वाण कामना यासे मैत्री पूर्वक पुण्यानुमोदन यानाच्वना ।

*काय्/भौपिं:*

**चन्दवीर सिं/लिलि तुलाधर**
**रोशनवीर सिं/प्रज्ञा तुलाधर**
**दीपकवीर सिं/पुजन तुलाधर**

*म्ह्याय्/जिलाजंपिं:*

**चित्त लक्ष्मी/स्वयम्भूमान ताम्राकार**
**पद्मा तारा/निर्मलमान तुलाधर**
**चन्द्रतारा/ताम्दीन दोर्जे तुलाधर**

*छय्/छय् जिलाजंपिं:*

| | |
|---|---|
| **अभिषेकवीर सिं /** | **करुणा/विमल** |
| **सहश्रवीर सिं /** | **सृजना/सगुण** |
| **सम्यकवीर सिं /** | **परित्रा/उमेश** |
| **अनुष्का /** | **स्वस्ती /** |
| **शिशिल/दिपेश** | **प्रतिस्था /** |
| **निर्देश /** | **जिमी दोर्जे/भूति** |
| **सन्देश /** | **छिरिङ्ग/नावाङ्ग** |


*छुइपिं:*

**आकांक्षा, समिक्षा, सृजन,**
**श्रयास, समाया, सेरान,**
**विधिसा, नोराङ्ग, इन्सेल**

Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**

*बुन्हि -*
बि.सं. १९७५



*मदुगु न्हि -*
बि.सं. २०७१
मंसिर २४ गते

# मदुम्ह कुलधर्मरत्न तुलाधर

पूर्णहिरा भोजन पुचः धर्मकीर्तिया ढुजः मयजु कमल केशरी तुलाधर या जहान उपासक भाजु **कुलधर्मरत्न तुलाधर** मिति २०७१ मंसिर २४ गते ९६ दँया वैशय् दिवंगत जुयादिल । दिवंगत उपासकया छेँजःपिंसं फय्माःगु थुगु दुःखद घडीया पाखें वय्कःपिंसं भगवान् बुद्धं कनाबिज्याःगु संसारिक नियम "थ्व लोकय् जन्म जूपिंसं छन्हु मरणयात नाला मकासे मगाः" यात ढुनुगलं थ्वीकाः धैर्य धारण याय् फय्मा ।

अथेहे दिवंगत जुयादीम्ह उपासक भाजु कुलधर्म रत्नयात सुगति सहित निर्वाण हेतु याकनं चूलाय्मा धकाः नं आशिका याना ।

# पूर्णहेरा भोजन पुचः

## धर्मकीर्ति विहार

**श्रीघः नघःटोल, यँ ।**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



सिद्धार्थ गौतम जन्मनु भएको लुम्बिनी क्षेत्र, सन् १९७० मा खिचिएको हवाई दृश्य

वर्ष-३२; अङ्क-१० बु.सं. २५५८, सि पुन्हि

Downloaded from http://www.dhamma.digital

## श्रद्धेय भिक्षु सिङ्युन र मानवीय बुद्ध धर्म

*२०७१ श्रावण २४ गते*

*प्रवचक- श्री देवकाजी शाक्य । स्थान- धर्मकीर्ति विहार*

यसदिन प्रवचक श्री देवकाजी शाक्यले प्रवचन दिनुहुँदै भन्नुभयो । "श्रद्धेय ताइवान भिक्षु सिङयुनले भन्नुभयो यस संसारमा सुख दुःख आइ नै रहन्छ। मानव जीवनमा कुनै पनि इच्छा पूर्ण हुनैपर्छ भन्ने छैन। कुनै कार्य असफल भयो भनेर दुःख नमानी भगवान बुद्धले मानिसहरूलाई उत्साह, प्रेरणा, प्रोत्साहन हुने शिक्षा दिनु हुन्छ । जसले गर्दा हाम्रो मन आन्तरिक रुपमा परिवर्तन हुन्छ । बुद्ध शिक्षाले भन्छ मानिसहरूको जीवन सघर्षमय छ, जीवन दुःखमयछ। दुःखलाई स्वीकार्न सक्यौं भने दुःखको अनुभव हुँदैन। धर्मको प्रतिपादन बुद्धका मन्दिरहरू, विहारहरूको निर्माणले मानिसहरूको हृदय परिवर्तन हुन्छ । मास्टर सिङयुनको भनाई अनुसार मन्दिर विहारहरू त्यस्तो ठाउँ हो जहाँ आध्यात्मिक सुखको उत्थान हुन्छ । विहारमा पाईला राख्ने वित्तिकै हाम्रो मनमा श्रद्धा उत्पन्न हुन्छ। मन शान्त हुन्छ। आनन्द आउँछ। उहाँको भनाई अनुसार मन्दिर, विहार त्यस्तो होस्, जहाँ धेरै मान्छे अटाउन सक्ने, धार्मिक अन्तरक्रिया गर्न सक्ने पुस्तकालय, ध्यान गर्ने ठाउँ, सुन्दर बगैंचा आदि हुनु राम्रो हुन्छ जसले मानिसहरूको दुखित मनमा प्रीतिको अनुभूति हुनेछ।

## शाक्यधिता नेपालको तेश्रो वार्षिक साधारण सभा सम्मपन्न

*२०७१ पौष ५ गते, शनिवार*

यस दिन शाक्यधिता नेपालको तेश्रो वार्षिक साधारण सभा धर्मकीर्ति विहारको धम्महलमा सम्पन्न भएको थियो।

शाक्य धिता अर्थात शाक्यमुनि बुद्धका छोरीहरूको अर्थ जनाउने यस संस्था बुद्ध शिक्षा अनुयायी शिक्षित नारीहरूको समूहको रुपमा खडा भएको छ ।

शाक्यधिता नेपालका अध्यक्ष मेत्तावती गुरुमांको सभापतित्वमा र भिक्षुणी डा. धम्म विजया गुरुमांको प्रमुख अतिथित्वमा शाक्यधिता नेपालका सदस्य नानी केशरी शाक्यले संचालन गर्नु भएको उक्त कार्यक्रममा श्रद्धेय चमेली गुरुमाले शील प्रार्थना गराउनु भएको थियो ।

प्रमुख अतिथिले कार्यक्रम उद्घाटन गर्नु भएपछि शाक्यधिता नेपालकी सदस्य कृष्णेश्वरी हाडाले स्वागत मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा अर्का सदस्य उर्मीला ताम्राकारले शाक्यधिता अर्थात बुद्धकी छोरी विषयक लेख प्रस्तुत गर्नु भएको थियो ।

प्रमुख अतिथि धम्मविजया गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै शाक्यधिता नेपालको गतिविधिले आफूलाई हर्षित बनाएको कुरा व्यक्त गर्नुभयो ।

सचिव इन्द्रावती गुरुमांले तेश्रो बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्ष प्रफुल्ल कमल ताम्राकारले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसरी नै सह-सचिव कीर्ति तुलाधरले (Plan of Action) प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा अध्यक्ष मेत्तावती गुरुमांले सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै सभा विसर्जन गर्नुभएको थियो भने अम्बिका श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## धर्मकीर्ति ज्ञानमाला भजनया गतिविधि

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर ।* (१) नेसं. ११३५ पोहेलाथ्व अष्टमी खुन्हु मैत्री बोधिसत्व महाविहार जमोबहालय् श्रद्धेय कुसुम गुरुमां पाखें बुद्ध पूजा ज्याभ्र्वः सञ्चालनयाना बिज्यासे धर्म देशना यानाबिज्याःगु खः ।

धर्मकीर्ति ज्ञानमाला भजन खलः पाखें ज्ञानमाला भजन नयब्वःगु थुगु ज्याभ्वले दाता कान्छी माया शाक्य व राजेन्द्र शाक्य सपरिवार पाखें जलपानया व्यवस्था यानादयूगु खः । अथेहे वयक:पिनिपाखें जमो बहाःया लागि आयेम्प, माइक सेट व स्पीकर प्रदान यानादीगु खः ।

वयक:पिसं धर्मकीर्ति बौद्ध ज्ञानमालायात सहयोगार्थ रू. ३०० तका दाँ बियादीगु खः ।

(२) नेसं. ११३५ पोहेलागाः दुतिया खुन्हु बसुन्धरा विहारय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया आजीवन दुजः भाजु चन्द्रमान डंगोलया माँ सेतीमाया डंगोल, जहान गङ्गा डंगोलया पुण्य तिथिस धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन पाखें भजन प्रस्तुत जूगु खः। वयक:या लुमन्ती चिं कथं भजन पाखें दां भरि भाजु श्याममान बज्राचार्य जप यायगु चैत्य लःल्हाना दिल ।

अथेहे वयकलं भजनयात रु. ३५००/– दाँ गुहालीकथं बियादीगु खः ।

(३) नेसं. ११३५ पोहेलागाः दुतिया खुन्हु धर्मकीर्ति ज्ञानमाला भजनया आजीवन दुजः कमला सिं पाखें धर्मकीर्ति ज्ञानमाला भजनयात रु. ४०००/– चन्दा सहयोग बियादयूगु खः । वयक:यात भजनपाखें ३ व ४ भाग भजनमाला सि.डी. फिगू ल्हःल्हाःगु खः। सि.डी. या लागि वयकलं रु. १०००/– चन्दा कथं बियादीगु खः ।

(४) धर्मकीर्ति ज्ञानमाला भजन प्रति श्रद्धावान्पिं उपासको पासिकापिं केशरी लक्ष्मी कसाः व पद्मज्योति कसाः, मीरा ज्योति कसाः पाखें धर्मकीर्ति ज्ञानमाला भजनया लागि हार्मोनियमयात रु.२०,०००/– दाँ चन्दा सहयोग बियादीगु दु।


Downloaded from http://www.dhamma.digital